
# सन् २०१९ मा नेपालमा यातना



## नयाँ नीति र कानूनी सुधारको आवश्यकता

ADVOCACY FORUM

जुन २६, सन् २०२०

*Publication support:*

DKA Austria
Hilfswerk der Katholischen Jungschar

Embassy
of the Federal Republic of Germany
Kathmandu

# सन् २०१९ मा नेपालमा यातना
## नयाँ नीति र कानूनी सुधारको आवश्यकता

जुन २६, २०२०

# सन् २०१९ मा नेपालमा यातना

## नयाँ नीति र कानूनी सुधारको आवश्यकता

जुन २६, २०२०

ADVOCACY FORUM

# सन् २०१९ मा नेपालमा यातना

## नयाँ नीति र कानूनी सुधारको आवश्यकता

प्रथम संस्करण सन् २०२०

सर्वाधिकार © वकालत मञ्च-नेपाल

*प्रकाशक*

वकालत मञ्च-नेपाल

लमिङ्गटन मार्ग, बालुवाटार-४

काठमाडौं, नेपाल

पो.ब.न. २१७९८

फोन: ०१-४४२५५६१/४४३२३०९, फ्याक्स: ०१-४४३२३०९

info@advocacyforum.org

advocacyforumnepal@gmail.com

www.advocacyforum.org

आवरण चित्र : सुशील थापा

लेआउट तथा आवरण डिजाइन : किशोर प्रधान

काठमाडौं, नेपालमा मुद्रित

# विषय सूची


प्राक्कथन झ

मुख्य सारांश १

परिच्छेद १

सन् २०१९ मा यातनाको प्रवृत्ति ७

१.१ मुख्य निष्कर्ष ७

परिच्छेद २

यातनाको तरिका १३

२.१ लैंगिक विश्लेषण १५

२.२ बालबालिकाहरू सम्बन्धी निष्कर्ष १७

२.२.१ बालबालिका सम्बन्धी कानून १७

२.२.२ सामान्य निष्कर्ष १९

२.२.३ अदालत समक्ष उपस्थिति २१

२.२.४ स्वास्थ्य परीक्षण २१

२.२.५ परिवारको पहुँच २५

२.२.६ खाद्यसम्बन्धी व्यवस्था २८

परिच्छेद ३

यातना पीडितका लागि परिपूरण र क्षतिपूर्ति ३३

३.१ यातनासम्बन्धी क्षतिपूर्ति ऐन र क्षतिपूर्तिको व्यवस्था ३५

३.२ यातनासम्बन्धी क्षतिपूर्ति ऐन २०५३ अन्तर्गत दायर गरिएका मुद्दाहरूको विश्लेषण ३७

३.२.१ क्षतिपूर्ति ३७

३.२.२ विभागीय कारबाही ४०

३.२.३ मध्यस्थता ४०

३.२.४ मुद्दा खारेजी ४१

३.२.५ मुद्दा फिर्ता ४३

३.२.६ मुद्दाको पुनरावेदन ४४

३.२.७ अदालतकाा फैसला कार्यान्वयनको स्थिति ४७

परिच्छेद ४

परिपूरणसम्बन्धी अन्तर्राष्ट्रिय कानूनी व्यवस्था ५१

४.१ नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ ५२

४.२ यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको महासन्धि, १९८४ ५३

४.३ बलपूर्वक बेपत्ता पारिनबाट सबै व्यक्तिको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, २००६ ५५

४.४ अन्तर्राष्ट्रिय मानव अधिकारको आम उल्लंघन र अन्तर्राष्ट्रिय मानवीय कानूनको गम्भीर उल्लंघनका पीडितहरूका लागि उपचार र परिपूरणको अधिकारसम्बन्धी आधारभूत सिद्धान्त र मार्गनिर्देश, २००५ ५६

परिच्छेद ५
निष्कर्ष र सिफारिस ६१

अनुसूची ६५

# प्राक्कथन

जुन महिनाको २६ तारिख - यातना पीडितको सहयोगार्थ अन्तर्राष्ट्रिय दिवसको अवसर पारेर वकालत मञ्चले नेपालमा यातनासम्बन्धी वार्षिक प्रतिवेदन प्रकाशित गर्ने गर्दछ। यस वर्षको प्रतिवेदनमा वकालत मञ्चले यातना पीडितहरूलाई क्षतिपूर्ति र परिपूरण प्रदान गर्न बने का नियम कानूनमाथि केन्द्रित गर्दै सन् २०१९ मा संकलन गरिएका यातना र दुर्व्यवहारको तथ्यांकहरूको विश्लेषणको आधारमा यातनाको प्रवृत्ति प्रस्तुत गरेको छ ।

यस प्रतिवेदन तयार पार्न संलग्न सबै व्यक्तिप्रति वकालत मञ्च आभार व्यक्त गर्दछ । विशेष गरी, मन्दिरा शर्मा र इन्ग्रिड मसाजेको निर्देशन र निगरानीमा रही सूचना संकलन, विश्लेषण तथा मस्यौदा तयार पार्ने पाउला गोमेजप्रति वकालत मञ्च विशेष आभारी छ। साथै, थुनुवा केन्द्रहरूमा नियमित भ्रमण गरी सूचना संकलन गर्ने, निःशुल्क कानूनी सहायता तथा परामर्श प्रदान गर्ने र प्रमुख दस्तावेजहरू संकलन र अनुवाद गर्ने यस वकालत मञ्चमा कार्यरत कर्मचारीहरूको कामको उच्च सराहना गर्दै वकालत मञ्च धन्यवाद व्यक्त गर्दछ। यस प्रतिवे दनलाई नेपालीमा अनुवाद गर्न सहयोग गर्नु हुने अधिवक्ता रुकमणी महर्जनलाई पनि धन्यवाद दिन चाहन्छौं ।

सन् २०१८ को तुलनामा सन् २०१९ मा यातनाका घटनाहरूमा कमी आएको देखिन्छ जुन सकारात्मक कुरा हो । सन् २०११ देखि

नै नेपालमा यातनाका घटनाहरूमा क्रमश कमी आएको भएतापनि यातनाको दर भने उच्च नै रहेको देखिन्छ । द्वन्द्वको समयमा यातना पाएका पीडित व्यक्तिहरू अझै न्यायका लागि संघर्ष गरिरहेका छन् किनभने संक्रमणकालीन न्यायसम्बन्धी कानूनमा संशोधन तथा द्वन्द्वको समयमा यातना र अन्य मानव अधिकार उल्लंघनका पीडितहरूका लागि सत्य, न्याय र परिपूरण सुनिश्चित गर्न आवश्यक उपायहरू अवलम्बन गर्ने विषयमा कुनै प्रगति भएको छैन ।

विगतका वर्षहरूमा जस्तै यस वर्ष पनि यातना दिने कार्यमा संलग्न आरोपित सुरक्षा अधिकारीहरूमाथि छानबिन गरी अभियोजन तथा कारबाही भएको कुनै उदाहरण छैन । यातनालाई अपराधिकरण गर्ने मुलुकी अपराध संहिता लगायत केही नयाँ कानूनहरू लागू भएतापनि सन् २०१९ मा यातना र अन्य मानव अधिकारको गम्भीर उल्लंघनका घटनामा दण्डहिनता रहेको देखिन्छ ।

विगतमा जस्तै यस वर्ष पनि वकालत मञ्चलाई थुनुवा केन्द्रहरूमा पहुँच प्राप्त गर्न समस्या रही आएको छ । यस वर्ष वकालत मञ्चका कानून व्यवसायीहरूले काठमाडौं, बाँके, र रुपन्देहीका थुनुवा केन्द्रहरूमा रहेका १,००५ जना थुनुवालाई भेटेका थिए । संवैधानिक दायित्वको सम्मान गर्ने काठमाडौं, बाँके र रुपन्देहीका थुनुवा केन्द्रहरूका अधिकारीहरूलाई वकालत मञ्च हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छ ।

पीडितहरू, पीडितका परिवार तथा फौजदारी न्याय प्रणालीका मुख्य सरोकारवालाप्रति वकालत मञ्च सबैभन्दा बढी कृतज्ञता व्यक्त गर्दछ ।

वरिष्ठ अधिवक्ता हरि प्रसाद सुवेदी
अध्यक्ष
वकालत मञ्च-नेपाल

ओम प्रकाश सेन ठकुरी
निर्देशक
वकालत मञ्च-नेपाल

# मुख्य सारांश

यातना लगायत मानव अधिकारको गम्भीर उल्लंघनको विषयमा विद्यमान दण्डहिनताको अवस्थाविरुद्ध वकालत मञ्च निरन्तर क्रियाशिल रहदै आइरहेकको छ । यस वर्ष वकालत मञ्चसँग आबद्ध कानून व्यवसायीहरूले काठमाडौं, बाँके र रुपन्देहीका थुनुवा केन्द्रहरूमा रहेका १,००५ जना थुनुवाहरूलाई भेटेका थिए । ती थुनुवाहरूमध्ये १९.८ प्रतिशतले आफूमाथि यातना र दुर्व्यवहार भएको बताएका छन् । सन् २०१८ मा यातना र दुर्व्यवहार भोग्ने थुनुवाहरू २३.५ प्रतिशत थिए । यस वर्ष वकालत मञ्चले भेटेका तथा अन्तर्वार्ता लिएका थुनुवाहरूमध्ये २६९ जना बालबालिका थिए । ति बालबालिकामध्ये २४.५ प्रतिशतले आफूमाथि यातना र दुर्व्यवहार भएको बताएका थिए । यस तथ्यांकले थुनुवा बालबालिकाहरूमाथि बढी यातना भएको देखिन्छ ।

यस वर्ष वकालत मञ्चले यातनाका पीडितहरूलाई क्षतिपूर्ति र परिपूरण प्रदान गर्न बनेका कानून, नीति र अभ्यासहरूको प्रभावकारिताको मूल्यांकन गर्ने उद्देश्यले यातनाविरुद्ध क्षतिपूर्तिसम्बन्धी तथ्यांकहरू संकलन गरी आवश्यक विश्लेषण पनि गरेको छ। यातना क्षतिपूर्ति ऐन अन्तर्गत क्षतिपूर्ति प्राप्त गर्न वकालत मञ्चले कानूनी सहायता प्रदान गरेका १५२ वटा मुद्दाहरूमध्ये ४६ वटा मुद्दामा पीडितहरूले क्षतिपूर्ति प्राप्त गर्ने ठहर भएको थियो । तथापि, तथ्यांकले क्षतिपूर्तिको रकम निर्धारण गर्ने सम्बन्धमा न्यायाधीशहरूबीचमा एकरूपता नभएको र

पीडितले भोगेको हानीको पूर्ति गर्न सम्बन्धित कानूनहरू प्रभावकारी नभएको देखाउँछ ।

## सन् २०१९ का मुख्य निष्कर्षहरू

- अदालतले ३०.२६ प्रतिशत यातना पीडितहरूलाई मात्र क्षतिपूर्ति पाउने गरी फैसला गरेको छ। एक लाख रूपैयाँसम्म क्षतिपूर्ति दिन सक्ने कानूनी व्यवस्था भएतापनि अदालतले गरेको फैसलाहरूमा अधिकांश पीडितहरूले पाउने क्षतिपूर्तिको रकम दश हजार (१०,०००) रूपैयाँदेखि रु पच्चिश हजार (२५,०००) रूपैयाँसम्म रहेको देखिन्छ । यसका साथै, अदालतको फैसला कार्यान्वयनमा पनि चुनौती देखिएको छ । केवल १५.२२ प्रतिशत पीडितहरूले मात्र अदालतको फैसला अनुसार क्षतिपूर्ति प्राप्त गरेका छन् ।
- पीडित तथा साक्षी संरक्षणका लागि कानूनी संरचनाको अभावका कारण न्यायिक प्रक्रियाका क्रममा पीडितहरूले पीडकबाट डरधम्कीको सामना गर्नुपर्ने अवस्था विद्यमान रहेको देखिन्छ ।
- परिपूरणको उपायहरूमा पुनरुद्दार, पुनर्स्थापना, सन्तुष्टिका उपाय र पुनः नदोहोरिने सुनिश्चितता पर्दछन् तर नेपाली कानूनमा मौद्रिक क्षतिपूर्ति बाहेक अन्य प्रकारका परिपूरणको बारेमा उल्लेख गरिएको छैन ।
- सन् २०१९ मा १९.८ प्रतिशत थुनुवाहरूले यातना भोगेको बताएका छन् ।
- अन्तर्वार्ता लिइएका मध्ये २४.५ प्रतिशत बालबालिकाहरूले आफूमाथि यातना तथा दुर्व्यवहार भएको बताएका छन् ।

- महिलाहरूलाई यातना तथा दुर्व्यवहार हुने संभावना पुरुषको तुलनामा उच्च छ। १९.१ प्रतिशत पुरुषले यातना पाएको बताएका छन् भने २६.३२ प्रतिशत महिलालाई यातना दिइएको देखाएको छ।
- खुल्ला ठाउँको अभाव, नियमित स्वास्थ्य जाँचको अस्थायी निलम्वन, खानेपानी र सरसफाइजन्य वस्तुहरूको अभाव लगायत बाल सुधार गृहहरूमा क्षमता भन्दा बढी बालबालिकाहरू राखिएको पाइएकोले कोभिड-१९ महामारीको समयमा उनीहरू विशेष जोखिममा परेका छन्।
- वयस्क व्यक्तिको तुलनामा थुनामा रहेका बालबालिकाहरू १.३ प्रतिशत बढी खानाबाट वञ्चित हुने सम्भावना रहेको देखिन्छ।
- मानव अधिकारको गम्भीर उल्लंघनका रूपमा रहेको यातना रोकथामको लागि न्यायपालिका र सुरक्षा निकायलाई संवेदनशील बनाउन अत्यावश्यक देखिन्छ।

# सिफारिसहरू

- प्रत्येक यातना पीडितलाई प्रभावकारी उपचारको अधिकार छ। प्रभावकारी उपचारको अधिकारअन्तर्गत यातनासम्बन्धी उजुरीहरूको अनुसन्धान, यातना दिने अधिकारीहरूमाथि अभियोजन तथा दोषी प्रमाणित भएमा सजाय र प्रभावकारी परिपूरण पर्दछ। यस अधिकारको वास्तविक प्रत्याभूतिको लागि थुनामा रहेका यातना हुन सक्ने सम्भावित थुनुवाहरूले कानून व्यवसायी र परिवारलाई निर्वाध रूपमा भेट्न पाउने व्यवस्था मिलाउनु अत्यावश्यक छ।

- देशमा प्रभावकारी कानूनी सहायता प्रणालीको अभाव रहेको तथ्यलाई मध्यनजर गर्दै वकालत मञ्च जस्ता थुनुवाहरूलाई निशुल्क कानूनी सहायता प्रदान गर्ने संस्थाहरूलाई थुनुवाहरूलाई भेट्न सहज पहुँच दिइनु पर्दछ ।
- नेपालको विद्यमान कानूनले पीडितको प्रभावकारी उपचार र परिपूरणको अधिकारलाई सुनिश्चित नगरेको सन्दर्भमा नेपालको अन्तर्राष्ट्रिय दायित्वसँग मेल खाने गरी नेपाली कानूनहरूलाई आवश्यक संशोधन गरिनुपर्दछ ।
- विधिको शासन र कानूनी व्यवस्थाको प्रत्याभूत गर्न यातनासम्बन्धमा अदालती फैसलाहरूको पूर्ण कार्यान्वयन हुनु पर्दछ र पीडितहरूलाई उचित क्षतिपूर्ति उपलब्ध गराउनु पर्दछ ।
- प्रहरी निकायले पीडकहरूलाई उन्मुति दिने नभई यातनासम्बन्धी उजुरीहरूको जाहेरी दरखास्त दर्ता गरी आवश्यक प्रमाण संकलन र प्रभावकारी अनुसन्धान गर्नु पर्दछ ।
- नेपाल प्रहरीले आफ्ना कर्मचारीलाई मानव अधिकार र कार्यविधिगत सुरक्षा सम्बन्धी विशेष तालिम दिई साविती बयान प्राप्त गर्न यातना दिने कार्य रोक्नु आवश्यक छ ।
- उजुरी दिने र क्षतिपूर्तिको लागि मुद्दा हाल्न कुनै प्रकारको हदम्याद हुनु हुँदैन । हदम्याद नहुँदा यातना पीडितले शारीरिक र मानसिक रूपमा तयार भएपछि कानूनी कारबाहीको लागि उजुरी दिन पाउँछन् ।
- सर्वोच्च अदालतले यातना पीडितको क्षतिपूर्तिको लागि छुट्टै कोष (Basket Fund) बनाउन दिएको आदेशको कार्यान्वयन हुनु आवश्यक छ ।

- राष्ट्रिय मानव अधिकार आयोगको स्वतन्त्रता र स्वायत्तताको सम्मान गरिनु पर्दछ र यसका सिफारिसहरू कार्यान्वयन गरिनु पर्छ ।
- मेडिको-लिगल तालिमलाई चिकित्सा अध्ययनको विषयसूचीमा समावेश गरिनु पर्छ ।
- थुनामा राख्दा र थुनामुक्त गर्दा दुवै अवस्थामा स्वास्थ्य जाँच गरिनुपर्दछ । यसले सार्वजनिक निकायहरूको सम्पर्कमा आएको अवस्थादेखि थुनुवाहरूको स्वास्थ्य अवस्थाको बारेमा राम्ररी अभिलेख राख्न सकिन्छ ।
- बाल सुधार गृहहरू सबै प्रदेशहरूमा स्थापना गरी जिल्लाहरूमा विस्तार गरिनु पर्दछ र कानून उल्लंघन गर्ने बालबालिकाको हकमा अन्तिम उपायको रूपमा मात्र बाल सुधार गृह पठाइनु पर्दछ ।
- कोभिड-१९ महामारीको समयमा सरकारी निकायहरूले सर्वोच्च अदालतका निर्देशनात्मक आदेशहरूको सम्मान र कार्यान्वयन गर्नु पर्दछ ।
- महामारीको समयमा सरकारी नीतिहरू अन्तर्राष्ट्रिय कानूनसँग मेल खाने र सबैका लागि स्वास्थ्यमा समान पहुँचको प्रत्याभूत भएको हुनु पर्दछ । जेष्ठ नागरिक, कैदी, थुनुवा, गरिब, महिला र बालबालिका लगायत जोखिममा रहेका समूहहरूको आवश्यकताहरूलाई विशेष प्राथमिकता दिइनु पर्दछ ।

परिच्छेद १

# सन् २०१९ मा यातनाको प्रवृत्ति

## १.१ मुख्य निष्कर्ष

यस वर्ष पनि वकालत मञ्चले थुनुवा केन्द्रमा सहज पहुँच प्राप्त गर्न सकेन । यसले गर्दा वकालत मञ्चले काठमाडौं, रुपन्देही र बाँके जिल्लाका १६ वटा थुनुवा केन्द्रहरूमा मात्र थुनुवाहरूसँग भेटघाट गर्न पाएको थियो । वकालत मञ्चले अन्य जिल्लाहरूका केही थुनुवाहरूलाई अदालतमा पेश गरिएको अवस्थामा सीमित समयभित्र अन्य थुनुवाहरू तथा प्रहरीहरूको उपस्थितिमा नै अन्तर्वार्ता लिने प्रयास पनि गरेको थियो तर यसरी थुनुवाहरूबाट संकलन गरिएका सूचना गुणस्तरीय नहुने हुनाले वकालत मञ्चले अन्य जिल्लाहरूबाट संकलित तथ्यांकहरूलाई यस प्रतिवेदनमा समावेश गरेको छैन । यस्ता अवरोधहरूको सामाना गर्दै वकालत मञ्चले प्रहरी हिरासत तथा थुनामा हुने यातना र दुर्व्यवहारको समग्र प्रवृत्तिको लेखाजोखा गर्न तथा नेपालको संविधान र नेपाल पक्ष रहेको अन्तर्राष्ट्रिय मानव अधिकारका सन्धिहरूद्वारा प्रत्याभूत गरिएका न्यूनतम मापदण्डहरूको कार्यान्वयनको स्थितिको बारेमा विश्लेषण गर्न २६९ जना बालबालिका सहित १,००५ जना थुनुवाहरूलाई भेटेको थियो ।

सन् २०१९ मा यातनाको दर १९.८ प्रतिशत रहेको छ । १,००५ जना थुनुवाहरू मध्ये १९९ थुनुवाहरूले आफूमाथि थुनामा रहँदा यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक दुर्व्यवहार गरिएको दाबी गरेका छन् । सन् २०१८ को तुलनामा सन् २०१९ मा यातनाको दर २.४ प्रतिशतले घटेको देखिन्छ तर अघिल्ला वर्षहरूको प्रवृति तथा अन्तर्राष्ट्रिय मापदण्डहरू हेर्दा यो दर अझै उच्च रहेको देखिन्छ ।

हाम्रा अघिल्ला प्रतिवेदनहरूले नेपालमा यातनाको लामो इतिहास रहेको देखाएको छ । द्वन्द्वकाल (सन् १९९६ देखि सन् २००६ सम्म) मा यातना दिने कार्य व्यापक थियो । वकालत मञ्च स्थापना भएको वर्ष सन् २००१ देखि द्वन्द्व अन्त्य भएको वर्ष सन् २००६ सम्म यातनाको औसत दर ४०.१ प्रतिशत थियो । सन् २००२ मा यातना दर ५३.८ प्रतिशत रहेको देखिन्छ जुन सबैभन्दा उच्च दर हो । त्यसपछिका वर्षहरूमा यातनाको दर घटेको देखिन्छ र सन् २०११ सम्म यातनामा कमी आएको देखिन्छ । त्यसपछि यातनाको दरमा वृद्धि भई १९.३ प्रतिशतबाट २४.५ प्रतिशतसम्म पुगेको देखिन्छ । यस्तो हुनुको कारण तराई क्षेत्रका जिल्लाहरूमा रहेको राजनीतिक अस्थिरता पनि एउटा कारण थियो । पर्याप्त तथ्यांकको अभावका कारण सन् २०१६ र सन् २०१७ मा यातनासम्बन्धी प्रतिवेदन तथा यातनाको दर प्रकाशित गरिएको छैन । सन् २०१८ मा यातनाको दर २३.५ प्रतिशत थियो । सन् २०१८ को यातना दर हेर्दा सन् २०११ देखि यातनामा क्रमिक वृद्धि भएको हुन सक्ने अनुमान गर्न सकिन्छ । सन् २०१९ मा यातनाको दर[1] कम हुनु राम्रो संकेत हो जसलाई सम्भवतः तराई क्षेत्रमा अस्थिरतामा कमी आएको प्रसंगसँग जोडेर हेर्न सकिन्छ ।

---


[1] वकालत मञ्चले २०१८ मा ६ जिल्लाहरूको ११६५ बन्दीहरूको र २०१९ मा १,००५ बन्दीहरूको अन्तर्वार्ता लिएको थियो ।

सन् २०१८ अगस्त (भाद्र १, २०७५) देखि यातनालाई अपराधिकरण गरी नयाँ अपराध संहिता लागू हुनु, राजनीतिक अस्थिरतामा कमी आउनु, सामाजिक संजालको प्रयोगमा वृद्धि हुनु र विगतका वर्षहरूको तुलनामा मानवअधिकार उल्लंघनका विषयहरू व्यापकरूपमा सामाजिक सञ्जालमा आउनु र त्यसको निन्दा हुनु आदिले गर्दा सन् २०१९ मा यातनामा कमी आएको मान्न सकिन्छ । यसो भनिरहँदा प्रहरीमाथि भ्रष्टाचार र आलोचनात्मक आन्दोलनलाई दबाउन विधुतीय कारोबार ऐनको दुरुपयोग गरेको आरोपहरू लाग्ने गरेको पाइन्छ । अभिव्यक्ति स्वतन्त्रतालाई संकुचित पार्ने, मानव अधिकारवादी संघसंस्थाहरूमाथि सरकारी नियन्त्रण बढाउने मानवअधिकार रक्षकको विदेश यात्रामा रोक लगाउन सक्ने र सरकारलाई मन नपर्ने व्यक्ति र संस्थामाथि अंकुश लगाउन सक्ने जस्ता मस्यौदा विधेयकहरू आईराख्नु चिन्ताजनक छन् ।[२]

सन् २०१८ को अगस्तमा नयाँ अपराध संहिता र फौजदारी कार्यविधि संहिता लागू भयो । यसले यातनालाई फौजदारी अपराध बनायो । तथापि

---

[२] हालसालै संसदमा पेश भएका अपराध संहिताको संशोधन २०१७ र आमसञ्चार परिषद, आमसञ्चार र सूचना प्रविधि मस्यौदा विधेयकहरू मुख्य चिन्ताका विषयहरू हुन् । थप जानकारीको लागि ह्युमन राईट वाचले प्रधानमन्त्री के.पी. ओलीलाई लेखेको सेप्टेम्बर, ०४ , २०१९ को चिठी हेर्नुहोस्: https://www.hrw.org/sites/default/files/supporting_resources/190904_nepal_pm_letter.pdf । यी विधेयकहरू सरकारद्वारा हालसम्म अनुमोदन र प्रकाशन नगरिए तापनि राष्ट्रिय सभाले आमसञ्चार परिषद विधेयकलाई स्वीकृत गरिसकेको छ । सूचना तथा प्रविधि विधेयक फेब्रुअरी २०१९ मा प्रतिनिधि सभा समक्ष प्रस्ताव गरि एको थियो र यसलाई डिसेम्बर २०१९ मा संसद्को सूचना तथा प्रविधि समितिले स्वीकार गरेको थियो । तथापि, संसदको आधिकारिक वेबसाइटले अझै छलफलमा रहेको देखाउँछ । यी मस्यौदाहरूको स्थितिबारे थप जानकारीका लागि हेर्नुहोस् : https://na.parliament. gov.np/np/bills/8hEexwfi; https://myrepublica.nagariknetwork.com/ news/house-panel-endorses-disputed-it-bill/ र https://hr.parliament. gov.np/np/bills/Za1OEE23.




*रेखाचित्र १ : २००१ मा तथ्याङ्क संकलन शुरू भएदेखि हालसम्मको समग्र वार्षिक यातना दर N/A – दर उपलब्ध नभएको*

यी कानूनहरूले धेरै पक्षहरूलाई समेटेको छैन : परिपूरणलाई नियमन गरिएको छैन, क्षतिपूर्तिले शारीरिक यातनालाई मात्र समेटेको छ, मानसिक यातनालाई समेटेको छैन, पाँच वर्षसम्म अधिकतम कैद सजायको व्यवस्था गरेको छ जुन यातना जस्तो अपराधको गाम्भीर्यतासँग मेल खाँदैन र उजुरी गर्ने हदम्याद जम्मा ६ महिनामा सीमित गरेको छ ।

डरधम्की र प्रहरीको शत्रुतापूर्ण व्यवहारले गर्दा तथ्यांक संकलनमा लगातार बाधा व्यवधानहरू आउने गर्छ । विगतका वर्षहरू जस्तै यस वर्ष पनि कानून व्यवसायीहरूले थुनुवा केन्द्रहरूमा विभिन्न बाधा व्यवधानहरूको सामाना गर्नु पऱ्यो । अन्तर्वार्ता दिने व्यक्तिलाई आफ्ना कानून व्यवसायीहरूसँग गोप्य रूपमा कुरा गर्न पाउने अधिकार हुन्छ तर यो अधिकार थुनुवा केन्द्रहरूमा रहेका थुनुवाहरूले उपभोग गर्न पाएका थिएनन् । तसर्थ, बाधा व्यवधानहरूको सामना गर्दै दण्डहिनताको विरुद्ध लड्न र सामाजिक न्याय तथा हितलाई प्रवर्द्धन गर्न यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहारको अभिलेखिण्करण र दस्तावेजीकरण गर्न आवश्यक छ । पीडितहरूको प्रभावकारी उपचारको अधिकार र त्यसको संरक्षण गर्ने राज्यको प्रमुख दायित्व स्थापनाको लागि वकालत मञ्च विगत, वर्तमान र भविष्यका पीडितहरूसँग सहकार्य गर्न चाहन्छ ।

रेखाचित्र १ ले सन् २००१ देखि हालसम्मको यातनाको प्रवृत्तिलाई देखाउँछ । थुनुवा बालबालिकाहरूका सम्बन्धमा यातनाको प्रवृति र निष्कर्षहरूको बारेमा परिच्छेद २ मा विश्लेषण गरिएको छ ।

परिच्छेद २

# यातनाको तरिका

यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ ले यातनालाई अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको व्यक्तिलाई दिएको शारीरिक वा मानसिक यातना सम्झनु पर्छ र सो शब्दले निजसँग गरिएको निर्मम, अमानवीय वा अपमानजनक व्यवहारलाई समेत जनाउँछ भनेर परिभाषित गरेको छ ।[३] प्रहरी हिरासत र सुधारगृहहरूमा शारीरिक र मनोवैज्ञानिक दुवै माध्यमबाट यातना प्रयोग गरिन्छ । अन्तर्वार्ताबाट संकलित तथ्यांक अनुसार प्रहरी अधिकारीहरूले सामान्यतया दुई-तीन पटक गालामा थप्पड लगाउने, दुई तीन चोटि बुटले लात हान्ने, खुट्टा कुल्चिने, टाउकोको कपाल, जुँगा आदि उखेल्ने गर्दछन् । केहीलाई भने जुठो भाँडा, कोठा, शौचालय र प्रहरी कार्यालय परिसर सफा गर्न वा अन्य थुनुवाहरूलाई कुट्न बाध्य पारिन्छ । यातनाका अधिक गम्भीर प्रकारहरूमा बाँसको लाठीले पिट्ने, बालुवाले भरिएको प्लास्टिकका पाइपहरू वा फलामका रडले थुनुवाहरूको पैताला, खुट्टा, पाखुरा, ढाड र शरीरका अन्य भागहरूमा कुट्ने आदि पर्दछन् ।

सोधपुछ कक्षमा प्रहरीले लात हानेर, थप्पड प्रहार गरेर र मुक्का हानेर थुनुवाहरूलाई जबरजस्ती स्वीकारोक्ति बयान दिन लगाउने प्रयास

[३] यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ (१९९६), दफा, २(क) ।

गर्दछन् । शारीरिक रूपमा थकित पार्नका लागि थुनुवाहरूलाई शारीरिक अभ्यासहरू जस्तै पुल:अप र पुस:अप, उफ्रिदै उठबस गराउने तथा कहिलेकाहीँ पहिले उनीहरूको खुट्टाको पैतालाहरूमा पिट्ने र उफ्रिन लगाउने, कैयौं घण्टासम्म अप्ठ्यारो स्थितिमा उभिन बाध्य बनाउने इत्यादि गरिन्छ । प्रहरीले अपशब्द र अपमानजनक शब्द प्रयोग गर्ने, मानहानी वा झुटो आरोप दायर गर्ने धम्की दिने, ज्यान मार्ने धम्की दिने, सामाजिक संजालमा गलत कुरा फैलाउने धम्की दिने लगायतका कार्यहरू गरी मानसिक यातना दिने गर्दछन् । केही थुनुवाहरूलाई गोली हान्ने धम्की दिने र अन्तिम इच्छाको बारेमा सोधिने गरिन्छ । अपराध वा आरोप स्वीकारेमा राम्रो रोजगारी मिलाइदिने, थुनामुक्त बनाउने र विभिन्न सुविधाहरू दिने भनी प्रलोभन पनि देखाउने गर्दछन् ।


विशेषगरी बालबालिकाहरूमाथि यौन दुर्व्यवहार हुने गरेको पाइन्छ । बाल थुनुवाहरूमाथि प्रहरी अधिकारीहरूले मात्र नभई अन्य थुनुवाहरूले समेत दुर्व्यवहार गर्ने गर्दछन । केही थुनुवा केन्द्रहरूमा बालकहरूलाई अश्लील सामग्री हेर्न, समलैंगिक सम्बन्ध राख्न, बालिका वा महिलाको लुगा लगाउन, श्रृंगार गर्न, आफ्नो गुप्तांगहरू छुन लगाउने जस्ता कार्य गर्न बाध्य पारिन्छ । वयस्कहरूले बालबालिकाहरूलाई कसरी संभोग गर्ने र “भाउजुलाई चुम्बन गर्ने” जस्ता कुराहरू सिकाउने पनि गर्दछन् । एक बालकले आफूलाई थुनिएको कोठा तथा शौचालयमा थुप्रै अश्लील पुस्तकहरू भएको बारेमा प्रहरीलाई जानकारी गराउँदा पनि प्रहरीले केही चाँसो नदिएको गुनासो गरे ।

महिला थुनुवाहरूले सार्वजनिक निकायका अधिकारीहरूबाट आपत्तिजनक शब्दहरू प्रयोग गरी गाली गरिएको, संवेदनशील अङ्गहरू छुने, हेर्ने गरिएको र हात समात्ने जस्ता कार्यहरू गरेको गुनासो गरे । महिला थुनुवालाई यस्ता कुराहरूको उजुरी गरेमा ती अधिकारीहरूले झुटो आरोपमा फँसाउने र यातनाको धम्की दिने गरेको पाइएको छ ।

# २.१ लैंगिक विश्लेषण

अघिल्ला वर्षहरूमा जस्तै यस वर्ष पनि वकालत मञ्चद्वारा लिइएका अन्तर्वार्तामा ९०.५ प्रतिशत थुनुवाहरू पुरुषहरू थिए । अन्तर्वार्ता लिइएका ९१० मध्ये १७४ जना पुरुषहरूले यातना र दुर्व्यवहारको सामना गरेको बताएका थिए जुन १९.१ प्रतिशत हो । यातना र दुर्व्यवहार भएको बताउने महिलाको प्रतिशत एकदमै उच्च रहेको छ। सन् २०१९ मा ८५ जना महिलाहरूमध्ये २५ जनाले यातना भएको बताएका छन् जुन २६.३२ प्रतिशत हो । सन् २०१८ को तुलनामा महिलाहरूमाथि हुने यातना र दुर्व्यवहार ३.२ प्रतिशतले वृद्धि भएको देखाउँछ । तसर्थ महिलाहरूमाथि थुनामा अत्याधिक यातना वा अन्य दुर्व्यवहार भएको देखिन्छ ।

पुरुष र महिलालाई यातना दिने विधिहरू फरक फरक छन् । महिलाहरू बढी यौन उत्पीडन, जबरजस्ती कपडा खोल्न लगाउने र संवेदनशील अंगहरूमा पिट्ने आदि गर्ने गरिएको पाइएको छ । पुरुष र महिला थुनुवाहरू प्रहरीको यातना र क्रूरतादेखि डराउँछन् तर महिलाहरूलाई यौनजन्य यातना र दुर्व्यवहार हुने सम्भावना बढी रहेको छ । तसर्थ लिङ्गको आधारमा फरक तरिकाबाट व्यवहार हुने हुनाले थुनामुक्त भएपछि महिलाहरूले सामाजिक हेपाई तथा दुर्व्यवहार सहनुपर्ने जोखिम बढेको छ ।




*रेखाचित्र २ : यातनाको लैंगिक विश्लेषण*

# २.२ बालबालिकाहरू सम्बन्धी निष्कर्ष

बालबालिका सम्बन्धी नेपाली कानूनले १८ वर्ष भन्दा कम उमेरका व्यक्तिलाई बालबालिका भनी परिभाषित गरेको छ । बालबालिका भनेको राष्ट्रको आर्थिक र सामाजिक विकासको आधारशिला हुन् र बालबालिकाहरूलाई सुरक्षित वातावरणमा हुर्काउनु आवश्यक पर्दछ। बालबालिकाहरू शारीरिक तथा मानसिकरूपमा अपरिपक्व हुने भएतापनि वयस्कहरूलाई भन्दा बढी बालबालिकालाई यातना दिने गरेको पाइएको छ। स्थापनाकालदेखि नै वकालत मञ्चले बालबालिकाहरूमाथि हुने यातना र दुर्व्यवहारको बारेमा सचेतना फैलाउन र त्यस्ता यातना र दुर्व्यवहारको अभिलेखिकरण गर्दै आइरहेको छ । बालबालिकासम्बन्धी कानून तथा सन् २०१९ मा बालबालिकामाथि भएको यातनाको प्रवृत्ति बारेमा तल प्रस्तुत गरिएको छ।

### *२.२.१ बालबालिका सम्बन्धी कानून*

नेपाल बाल अधिकार सम्बन्धी महासन्धि १९८९ को पक्ष राष्ट्र हो । बाल अधिकार सम्बन्धी महासन्धिले बालबालिकामाथि यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय नदिइने कुराको सुनिश्चितता गर्न पक्ष राज्यहरूलाई बाध्य पार्दछ। यस महासन्धिको धारा ३७ ले कानूनको पालना गरेर बालबालिकालाई पक्राउ, थुना वा कैदमा राख्नुपर्दछ र सम्भव भएसम्म सबैभन्दा कम समयावधिको लागि मात्र राखिनु पर्दछ भनी व्यवस्था गरेको छ। यसका साथै नेपालले मानव अधिकार कानून अन्तर्गत अन्तर्राष्ट्रिय मापदण्डहरू स्थापित गर्ने यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको महासन्धि र नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र पनि अनुमोदन गरेको छ । राष्ट्रिय कानूनको कुरा गर्दा नेपालमा बालबालिका

सम्बन्धी ऐन, २०७५ (२०१८), बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ र मुलुकी अपराध संहिता २०७४ (२०१७) लागू छन् । तथापि, यी कानूनहरूको प्रभावकारी कार्यान्वयनमा भने गम्भीर समस्या रहेको छ ।

यातना र अन्य प्रकारका दुर्व्यवहारलाई अपराध भनी अपराधिकरण भइसकेको अवस्था भएतापनि,[४] अहिलेसम्म नेपालको अन्तर्राष्ट्रिय दायित्वहरू पूर्णरूपमा पूरा भएको छैन । अन्तर्राष्ट्रिय मापदण्ड अनुसार अपराधिक जिम्मेवारीको न्यूनतम उमेर १२ वर्ष तोकेको छ तर नेपालमा भने उक्त उमेर दश वर्षको रहेको छ । बालबालिका सम्बन्धी ऐनको दफा २१ मा कसूरजन्य कार्यको सूचना प्राप्त भएमा अनुसन्धानको लागि अनुसन्धान अधिकारीले त्यस्तो बालबालिकालाइ "नियन्त्रणमा लिन सक्नेछन्" भन्ने प्रावधान रहेको छ । "अनुसन्धान अधिकारीले बालबालिकालाई नियन्त्रणमा लिंदा बल प्रयोग गर्न पाउने छैन" भनी दफा २१ को उपदफा ४ मा स्पष्ट पारिएको छ । । दफा २६ ले बालबालिकाहरूलाई आफूविरुद्ध लागेको आरोपको जानकारी पाउने, छिटो र स्वच्छ न्याय प्राप्त गर्ने, बाल न्याय सम्पादनको प्रक्रियामा गोपनीयता प्राप्त गर्ने, र संवैधानिक र कानूनी हकको बारेमा जानकारी प्राप्त गर्ने अधिकार प्रत्याभूत गरेको छ । यसबाहेक, बालबालिकालाई "आफ्नो विरुद्ध साक्षी हुन कर लगाइने छैन" ।[५] यी प्रावधानहरूको उल्लंघन भएमा उपचार तथा अधिकारको प्रचलनका लागि सम्बन्धित उच्च अदालतमा निवेदन दिनुपर्ने हुन्छ ।[६]

नेपालले अधिकांश मानव अधिकारका महासन्धिहरू र स्वेच्छिक आलेखहरू अनुमोदन गरेको छ । नेपालले आफ्नो अन्तर्राष्ट्रिय दायित्वहरू पूरा गर्न केही कानूनी र नीतिगत उपायहरू अवलम्बन गर्ने कुरामा केही प्रगति गरेतापनि कानून र नीतिहरू कार्यान्वयनमा उदासिनता देखिएको वकालत मञ्चको अनुगमनले देखाउँछ ।

---

[४] अपराध संहिता, २०७४(२०१७), दफा १६७ ।


[५] बालबालिका सम्बन्धी ऐन २०७५, परिच्छेद ४, दफा २६(२) ।

[६] बालबालिका सम्बन्धी ऐन २०७५, परिच्छेद ७, दफा ६५ ।

### *२.२.२ सामान्य निष्कर्ष*

सन् २०१९ मा वकालत मञ्चले २६९ जना थुनुवा बालबालिकाहरूसँग अन्तर्वार्ता लिएको थियो। जसमध्ये २४.५ प्रतिशतले आफूमाथि यातना वा दुर्व्यवहार भएको बताएका थिए। यो दर सन् २०१८ को तुलनामा १ प्रतिशतले, सन् २०१७ को तुलनामा ४.५ प्रतिशतले र २०१६ को तुलनामा ७.१ प्रतिशतले बढी देखिन्छ। यसरी वृद्धि भएको देखिनुको कारण थुनुवा केन्द्रमा रहेका बालबालिकाहरूसम्म वकालत मञ्चको बढ्दो पहुँच पनि हुनसक्दछ तर सन् २०१२ देखि तुलना गर्दा यो वर्ष सबै भन्दा बढी दर हुनुले थुनामा बालबालिकाप्रति खराब व्यवहार हुने कुरा इंगित गर्दछ। बालबालिका र वयस्क व्यक्तिबीच हुने यातनाको दरमा ६.४ प्रतिशतको भिन्नता रहेको देखिन्छ। यसले वयस्क व्यक्तिहरूमा हुने यातनामा कमी आएको देखाउँछ भने बालबालिकाहरूमाथि यातना बढी भएको देखिन्छ। सन् २०१८ मा बालबालिका र वयस्कबीच हुने यातना दरको अन्तर जम्मा १.७ प्रतिशत रहेको थियो भने अघिल्ला वर्षहरूको तुलना गर्दा भिन्नता ५ देखि १० प्रतिशत को बिचमा रहेको देखिन्छ।

अन्तर्वार्ता लिइएका कुल बालबालिकाहरू मध्ये ८७.७ प्रतिशत बालकहरू थिए। यातना दिइएका वा दुर्व्यवहार भोगेका धेरैजसो बालबालिकाहरू १४ वर्ष भन्दा माथि उमेरका थिए भने १४ वर्ष भन्दा मुनिका २ जना बालबालिकाले यातना भोगेको बताएका थिए। सन् २०१८ मा १४ वर्ष भन्दा कम उमेरका ९ प्रतिशत बालबालिकाहरूमाथि यातना भएका थियो भने सन् २०१९ मा यो दर ०.८ प्रतिशत रहेको छ। यसलाई केही प्रगतिको रूपमा लिन सकिन्छ।




रेखाचित्र ३ : बालबालिका र वयस्कमाथि भएको यातनाको दर


### २.२.३ अदालत समक्ष उपस्थिति

थुनासम्बन्धी कार्यविधि अझै पूर्ण रूपमा लागू भइरहेको छैन। विशेषगरी ८१ प्रतिशत बालबालिकाहरूलाई मात्र २४ घण्टा भित्र सम्बन्धित अदालतमा उपस्थित गराइएको थियो। यो दर वयस्कहरूको तद्रलनामा १.७ प्रतिशतले कम रहेको छ  भने सन् २०१८ सँग तुलना गर्दा ०.९ प्रतिशतले घटेको देखिन्छ।

### २.२.४ स्वास्थ्य परीक्षण

स्वास्थ्य परीक्षण थुनुवाहरूको स्वास्थ्य स्थितिको विश्लेषण गर्न अत्यन्त महत्वपूर्ण हुन्छ। कानूनी मापदण्ड अनुसार व्यवहार गरिएको नगरिएको र थुनाको वातावरणले असर गरेको नगरेको भन्ने कुरा पत्ता लगाउन स्वास्थ्य परीक्षण आवश्यक छ। यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ को दफा ३(२) अनुसार कुनै पनि व्यक्तिलाई थुनामा राख्दा र छोड्दा सरकारी सेवामा रहेका चिकित्सकले निजको शारीरिक स्थितिको जाँच गर्नपर्दछ। तथापि, यो प्रावधानलाई अर्थपूर्ण तरिकाले कार्यान्वयन गरिएको छैन।

थुनामा राख्दा र छोड्दा गरी दुई पटक स्वास्थ्य परीक्षणहरू गर्दा थुनुवाको शारीरिक स्वास्थ्य स्थितिको बारेमा जानकारीको अभिलेखिकरण भई थुनामा रहँदा थुनुवामाथि यातना भए नभएको कुरा पत्ता लगाउन सकिन्छ। तर एक पटक मात्र स्वास्थ्य परीक्षण गरिंदा प्रहरीले जिम्मेवारीको इन्कार गर्ने र थुनाभन्दा पहिले यातना दिने अवसरको सिर्जना गर्दछ। सामान्यतया स्वास्थ्य परीक्षण थुनामा लैजाने बित्तिकै गरिन्छ तर थुनामुक्त हुने बेलामा गरिदैन।




*रेखाचित्र ४ : बालबालिकाको र बयस्कको स्वास्थ्य परीक्षण दर*

कुल ९८.९ प्रतिशत बालबालिका र ९७.८ प्रतिशत वयस्कहरूले थुनामा रहँदा स्वास्थ्य परीक्षण भएको बताएका छन् । यसले वयस्कहरूभन्दा १.१ प्रतिशत बढी बालबालिकाहरूको स्वास्थ्य परीक्षण भएको देखिन्छ । कहिलेकाहीँ प्रहरीहरूले थुनामा राख्नु भन्दा पहिले पक्राउ गरेको व्यक्तिहरूलाई अस्पतालमा स्वास्थ्य परीक्षण गराउन लग्ने गरेको पनि पाइएको छ तर सामान्यतया थुनुवाहरूलाई पक्राउ गरेर थुनुवा केन्द्रमा पुऱ्याई सकेपछि स्वास्थ्य जाँच गराउने प्रचलन रहेको छ । १६ प्रतिशत बालबालिकाहरूलाई प्रहरी चौकीमा लानु भन्दा अगाडि स्वास्थ्य परीक्षणका लागि अस्पताल लगिएको थियो भने ८२.९ प्रतिशत बालबालिकाहरूलाई पक्राउ गरी थुनामा राखेपश्चात मात्र स्वास्थ्य परीक्षण भएको थियो । १.१ प्रतिशत थुनुवाहरूको अन्तर्वार्ताको समयमा स्वास्थ्य परीक्षण भएको थिएन । कानून बमोजिम थुनुवाहरूलाई थुनामुक्त गर्नँभन्दा पहिले स्वास्थ्य परीक्षण गराउनु पर्ने प्रावधान भएतापनि थुनुवाहरूले थुनामुक्त गर्नुपूर्व स्वास्थ्य परीक्षण हुने नगरेको बताएका थिए ।

स्वास्थ्य परीक्षणको क्रममा प्रहरीको उपस्थितिले स्वास्थ्यकर्मीहरूलाई डरको वातावरण सिर्जना हुने, स्वास्थ्य परीक्षण गर्ने तरिका र स्वास्थ्य परीक्षणको मेडिको-लिगल प्रतिवेदनलाई असर गर्ने गरेको कुरालाई कानून व्यवसायीहरूले जोड दिएका छन् । साथै, यातनाको लागि जिम्मेवार व्यक्तिहरूलाई कानूनीरूपमा सजाय दिलाउनका लागि स्वास्थ्य परीक्षण प्रतिवेदनको अभाव नै प्रमुख समस्याका रूपमा रहेको छ । तसर्थ, स्वास्थ्यकर्मीमाथि अनावश्यक दबाब हटाउन र स्वास्थ्यकर्मीहरूलाई आफ्नो कानूनी अधिकार र जिम्मेवारीबोध गराउन आवश्यक प्रशिक्षण दिन जरुरी छ । विगतका केही वर्षदेखि वकालत मञ्चले स्वास्थ्यकर्मीहरूलाई यातना पीडितले भोगेका शारीरिक वा मानसिक आघातहरूको अभिलेखिकरण सम्बन्धी मेडिको-लिगल प्रशिक्षण प्रदान गर्दै आइरहेको छ ।

प्रायः बाल सुधार गृहहरूमा अत्यन्त भीडभाड हुने गर्दछ । मोरङ, पर्सा, मकवानपुर, भक्तपुर, कास्की (पोखरा), रुपन्देही, बाँके र डोटी जिल्लामा गरी हाल आठवटा बाल सुधार गृहहरू सञ्चालनमा छन् । प्रत्येक प्रदेशमा एउटा सुधार गृह स्थापना गरी जिल्लाहरूमा बिस्तार गरिनुपर्ने राज्यको दीयत्व अझै पूरा हुन बाँकी छ । सन् २०२० को मे महिनामा वकालत मञ्चको अगुवाईमा कोभिड-१९ को महामारीमा बालबालिकाको अवस्था, बाल अधिकार, सुरक्षा र सुरक्षाका उपायहरूमाथि बालबालिकाको पहुँचको बारेमा अनुगमन तथा निरिक्षण गर्न एक अनुगमन टोलीले बाँके जिल्लाको बाल सुधार गृहको भ्रमण गरेका थिए । उक्त अनुगमन टोलीको निम्न निष्कर्ष रहेको छ :

- स्थानको अभावले गर्दा ३० भन्दा बढी बालबालिकाहरूलाई एउटै कोठा राखिएको थियो ।
- सर्वोच्च अदालतको निर्णय अनुसार बाल सुधार गृहबाट जम्मा ४० जना बालबालिकाहरूलाई मात्र रिहा गरिएको थियो ।
- बाल न्याय प्रणालीप्रति जिल्ला अदालत संवेदनहीन देखिन्छ । पुर्पक्षको पर्खाइमा रहेका बालबालिकाहरूलाई अभिभावकको जिम्मा लगाउनुको सट्टा अदालतबाट सुधार गृहमा पठाउने निर्णयहरू भइरहेको छ । विशेष गरी बलात्कार जस्ता गम्भीर अपराधको आरोप लागेको बालबालिकालाई सुधार गृह पठाउने आदेश भएको पाइन्छ ।
- बालबालिकाहरूलाई आफ्नो मुद्दाको कारबाहीको बारे जानकारी छैन ।
- नियमित स्वास्थ्य परीक्षण अस्थायी रूपमा निलम्बन गरिएको छ । सफा पिउने पानीको अभाव रहेको छ ।

- सेप्टिक ट्यांकीको उचित व्यवस्थापनको अभाव छ ।
- औपचारिक शिक्षा, पुस्तक र पाठ्यसामग्रीको अभाव रहेको छ ।
- बालबालिकालाई खेल्नको लागि पर्याप्त खेलकुदका सामग्रीहरूको अभाव रहेको छ ।
- कोभिड-१९ जिल्लाभर फैलिएतापनि बालबालिकालाई मास्क र सेनिटाइजर प्रदान गरिएको छैन ।
- १०० बालबालिकामध्ये आधा बालबालिका छालाको रोगबाट ग्रसित छन् तर तिनीहरूले कुनै स्वास्थ्य उपचार पाएका छैनन् । स्वास्थ्य उपचारका लागि माग गरेमा उपलब्ध गराउने तर खर्च आफैले व्यहोर्नं पर्दछ ।
- एक ११ वर्षीय बालकलाई मानसिक रोगको समस्या भएको पाइयो भने अर्को बालक बेलाबेलामा बेहोस हुने रोगबाट ग्रसित भएको पाइयो तर तिनीहरूले कुनै विशेष उपचार प्राप्त गरेका छैनन् ।

तसर्थ, वकालत मञ्च सबै सरोकारवालाहरूलाई बाल सुधार गृहहरूको समस्याप्रति ध्यान दिन र सकेसम्म छिटो समस्या समाधान गर्न आग्रह गर्दछ ।


### *२.२.५ परिवारको पहुँच*

सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक र मनोवैज्ञानिक समस्याहरूले बालबालिकाहरू बालबिज्याँइतर्फ धकेलिन सक्छन् ।[७] नेपालमा बालबालिकाहरूले प्रायः प्रतिकूल परिस्थितिहरूको सामना गर्ने हुनाले

[७] युनिसेफ, घटना अध्ययनः इन्द्रलाल सिंह, युनिसेफ-काठमाडौं । हेर्नुहोस् : https://www.unicef-irc.org/portfolios/documents/486_nepal.htm

उनीहरूको व्यक्तित्वको विकासमा असर परेको देखिन्छ । समाजमा अपराध रोकथामका लागि बालबिज्याँइको उचित व्यवस्थापन हुनु अत्यन्त आवश्यक छ । यस परिस्थितिमा, बाल सुधार गृहमा रहेका बालबालिकालाई परिवारका सदस्यहरू वा अभिभावकहरूलाई भेटघाट गर्नदिनु अत्यावश्यक छ जसले गर्दा बालबालिकाहरूमा असामाजिक व्यवहार विकास हुनबाट रोक्न सकिन्छ । बालअधिकार सम्बन्धी महासन्धि १९८९ को धारा ३७ (ग) अनुसार स्वतन्त्रताको अपहरण गरिएको प्रत्येक बालबालिकालाई अपवादजनक परिस्थितिहरूमा बाहेक अन्य अवस्थामा आफ्नो परिवारसंग सम्पर्क राख्ने अधिकार हुन्छ । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६(२) ले यस्ता अपवादजनक परिस्थितिहरूको व्यवस्था गरेको छ र बालबालिकाको सर्वोत्तम हितको लागि आवश्यक भएमा बाहेक अन्य कुनैपनि अवस्थामा बालबालिकालाई बाबु वा आमाबाट अलग गर्न नहुने भनी बाल इजलासको क्षमतालाई सिमित गरेको छ ।

सन् २०१९ मा थुनामा रहेका १२.३ प्रतिशत बालबालिकालाई आफ्नो परिवारसँग सम्पर्क र भेटघाट गर्नबाट वञ्चित गरिएको थियो जुन वयस्कहरूको तुलनामा ०.६ प्रतिशतले बढी हो । गत वर्षको तुलनामा परिवारसँग सम्पर्क र भेटघाट गर्न नपाएका बालबालिकाको दरमा ०.८ प्रतिशतले वृद्धि भएको छ। धेरै थुनुवाहरूले परिवारसँग सम्पर्क र भेटघाट गर्न नपाएपनि यस विषयमा केही सुधार आएको छ। बालबालिकाहरूले परिवारसँग सम्पर्क र भेटघाट गर्न नपाउनुका कारणहरू जटिल छन् । केही अवस्थाहरूमा भेट्ने समय र स्रोतको अभावका कारण आफन्तहरू सजिलैसँग बाल सुधार गृहसम्म पुग्न सक्दैनन्। धेरै बालबालिकाहरूलाई आफ्नो गृहजिल्लाभन्दा टाढा बाल सुधार गृहमा राखिएका छन्, जसले गर्दा भेट्न चाहने आफन्तहरूलाई व्यक्तिगत परिस्थिति, सञ्चारको अभाव र यातायातको असुविधाले असर गरेको पाइन्छ ।





*रेखाचित्र ५ : बालबालिका र वयस्कको परिवारमा पहुँच*

### *२.२.६ खाद्यसम्बन्धी व्यवस्था*

पक्राउ गरिएकाहरूलाई थुनामा राख्ने अनुमति लिए पश्चातमात्र राज्यबाट खाना खुवाउने व्यवस्था अव्यवहारिक र चिन्ताजनक छ । यसले गर्दा प्रहरीले थुनुवालाई २४ घन्टा पछिमात्र अदालतमा उपस्थित गराएको अवस्थामा वा थुनुवासँग खानाको लागि पैसा नभएको अवस्थामा थुनुवाहरू २४ घण्टासम्म पनि खाना खान नपाई भोकै हुने अवस्था आउन सक्दछ। माथि उल्लेख गरिएझैँ कहिलेकाहीँ थुनुवाहरूलाई थुनामा राख्नुभन्दा अगाडि स्वास्थ्य परीक्षणको लागि अस्पतालमा लैजाने गरिन्छ । यसो हुँदा थुनुवाहरूको नाम प्रहरी अभिलेख किताबमा दर्ता गरिएको हुदैँन । यसको फाइदा लिँदै प्रहरी अधिकारीहरूले थुनामा राख्नका लागि आवश्यक साक्षी प्रमाण जुटाउन थाल्छन्। पर्याप्त प्रमाण, साक्षी फेला नपरेमा प्रहरी अभिलेख किताबमा नाम दर्ता नगरिकन थुनामा राख्छन्। यसको अर्थ प्रहरी अभिलेखमा दर्ता नगरिकन लामो समयसम्म थुनामा राख्ने सम्भावना हुन्छ। अधिकांश यातनाका घटनाहरू पक्राउ परेको २४ घण्टा भित्र हुने गर्दछन। यातना दिइएका केहीलाई खाना खान नदिई भोकभोकै पनि राखिएको हुन्छ। सार्वजनिक अधिकारीहरूसँग अदालत समक्ष थुनामा राख्ने अनुमति लिन २४ घण्टाको समय हुन्छ र थुनामा राख्ने अनुमति पाए पश्चातमात्र थुनुवाहरूलाई आफ्ना कानून व्यवसायीहरूलाई सम्पर्क गर्न दिइन्छ।

नेपालको संविधान (२०७२) को धारा ३६(२) र बालबालिका सम्बन्धी ऐनको दफा १३(१) ले खाद्य सम्बन्धी अधिकारको प्रत्याभूत गरेको छ। अन्तर्राष्ट्रिय स्तरमा यसलाई आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा ८(२) र ११(१)द्वारा प्रत्याभूत गरिएको छ, जसलाई नेपालले १९९१ मा अनुमोदन गरेको थियो। यसले नागरिकहरूलाई भोक, खाद्यान्न असुरक्षा र कुपोषणबाट सुरक्षित गर्ने दायित्व राज्यलाई दिएको छ ।




*रेखाचित्र ६ : बालबालिका र वयस्कको खाद्य पहुँचको प्रतिशत*

५८ प्रतिशत बालबालिकाले सक्षम निकायबाट थुनामा राख्ने अनुमति पाउनुभन्दा पहिले खाना प्राप्त गरेको देखिन्छ भने ३८.७ प्रतिशतले थुनामा राख्ने अनुमति पश्चातमात्र खाना प्राप्त गरेको देखिन्छ । ३५.३ प्रतिशत वयस्कहरूले थुनामा राख्ने अनुमति पाउनुभन्दा पहिले खाना प्राप्त गरेको देखिन्छ भने ६२.६ प्रतिशतले थुनामा राख्ने अनुमति पश्चातमात्र प्राप्त गरेको देखिन्छ। थुनामा राख्ने अनुमति पाउनु भन्दा पहिले आफ्नै खर्चमा खाना खानुपर्ने र थुनामा राख्ने अनुमति पाइसकेपछि राज्यबाट खाना उपलब्ध हुने कुरालाई ध्यानमा राखी यी प्रतिशतहरूलाई विश्लेषण गर्नु आवश्यक छ। थुनामा राख्ने अनुमति पाउनु भन्दा पहिले आफ्नै खर्चमा खाना खान नसक्ने थुनुवाहरूले अन्य थुनुवाहरूको सहयोग लिनु परेको देखिन्छ । तल दिइएको रेखाचित्रले थुनामा राख्ने अनुमति पाउनु भन्दा पहिले र पश्चात खाना प्राप्त गर्ने थुनुवाहरूको तथ्यांक देखाउँछ :

देवानन्द पोखरेल (परिवर्तित नाम) १७ वर्षको भयो र उनी वेटरको रूपमा काम गर्दछ । २०७६ मंसिर ६ गते सादा पोशाकमा आएका दुई जना प्रहरीहरूले उनी र उनको साथीलाई मोबाइल फोन चोरीको आरोपमा पक्राउ गरे । देवानन्दका अनुसार पक्राउ परेको समयदेखि नै प्रहरीले उनीहरूलाई कुटपिट गरे। पक्राउ गर्ने दुई प्रहरी अधिकारीहरूले देवानन्द र उनको साथीलाई बुटले लात हान्नुका साथै बाँसको लट्ठीले जथाभावी कुइनो, पाखुरा र ढाड लगायत शरीरको विभिन्न भागमा कुटपिट गरे। त्यसपछि देवानन्द र उनको साथीलाई प्रहरी चौकीमा लगिएको थियो । प्रहरी चौकीमा केही बेर कुराएर राखेपछि उनीहरूलाई सोधपुछ कक्षमा लगियो । सोधपुछ कक्षमा उनीहरूलाई भुईंमा सुत्न आदेश दिइयो र ती दुई प्रहरीहरूले उनीहरूलाई खुट्टा, फिला र शरीरको अन्य भागहरूमा बाँसको लट्ठीले कुटे । यसैबीच ती प्रहरीहरूले देवानन्द र उनको साथीलाई चोरी भएको भनिएको मोबाइल फोनको बारेमा सोधपुछ गरे । देवानन्दले आफ्नो दाहिने खुट्टामा नशासम्बन्धी समस्या रहेको बताउँदै त्यहाँ नकुट्न अनुरोध गरे तर प्रहरीहरूले उनको बिन्ती सुनेनन् । प्रहरीहरूले स्वास्थ्य समस्या भएको नाटक गरेको आरोप लगाउँदै देवानन्दको दाहिने खुट्टामा

कुटपिट गरिरहे । आधा घण्टासम्म दुवैजनालाई शारीरिक यातना दिइयो । त्यसपछि प्रहरीले उनीहरूलाई उफ्रिन लगाए र ढाडमा दुई तीन पटक पिटे ।

उनीहरूलाई यातना दिई सोधपुछ गरिसकेपछि प्रहरीहरूले ट्याक्सीमा महानगर प्रहरी प्रभाग लगे । ट्याक्सीको भाडा पनि उनीहरूलाई नै तिर्न लगाइयो । उनीहरूलाई म्यादथपका लागि जिल्ला अदालतमा पेश गरिएको थियो । देवानन्दले खुट्टा राम्ररी टेक्न नसकेको देखेर जिल्ला न्यायाधीशले उनलाई कुनै समस्या छ कि भनेर सोध्नु भएको थियो तर प्रहरीहरूको उपस्थितिको कारण उनी डराए र सोधपुछ कक्षमा भएको यातनाको बारेमा केही बताएनन् । जिल्ला न्यायाधीशलाई उनले नशासम्बन्धी समस्या भएकोले हिड्न कठिनाइ भएको भनि जवाफ दिए । त्यसपश्चात न्यायाधीशले प्रहरीहरूलाई देवानन्दको उपचारका लागि अस्पताल लैजाने आदेश दिनुभयो । तर प्रहरीले स्वास्थ्य उपचारको खर्च व्यहोर्न अस्वीकार गरेकाले उनले कुनै उपचार प्राप्त गरेनन् ।

केही दिन पछि, देवानन्दको अवस्था बिग्रियो । २०७६ मंसिर २५ गते उनलाई अस्पतालमा भर्ना गरियो । अस्पतालमा उनलाई एक दिन राखियो । अर्को दिन प्रहरीहरूले उनलाई काठमाडौं जिल्ला अदालतमा लगे र जिल्ला न्यायाधीशले उनलाई काठमाडौं बाल सुधार गृहमा पठाउने आदेश दिनुभयो ।

यातनाको कारण देवानन्दलाई हिड्न र ठीकसँग बस्न समस्या भयो । उनी बस्ने सुधार गृहमा सफा पानीको अभाव थियो । यसले गर्दा उनको दुवै हातमा संक्रमण भयो । हाल उनले चिकित्सा उपचार प्राप्त गरिरहेका छन् र उनको स्वास्थ्यमा बिस्तारै सुधार हुँदैछ ।



*चित्र १ : देवानन्दको हातमा बाँसको लट्ठीबाट भएको खत (सौजन्य : वकालत मञ्च)*

परिच्छेद ३

# यातना पीडितका लागि परिपूरण र क्षतिपूर्ति

नेपालमा मानव अधिकार उल्लंघनका पीडितलाई मौद्रिक क्षतिपूर्ति दिने प्रचलन लामो समयदेखि चलिआएको भएपनि पीडितको परि पूरणसम्बन्धी अधिकारको बारेमा बुझाईमा कमी रहेको छ। अन्तर्राष्ट्रिय कानूनले मानव अधिकार उल्लंघनका पीडितहरूको परिपूरणसम्बन्धी अधिकारलाई मान्यता दिन्छ। परिपूरणको अधिकारअन्तर्गत क्षतिपूर्तिको साथै पुनरुद्दार, पुनःस्र्थापना, सन्तुष्टि र भविष्यमा पुन नदोहोरिने प्रतिबद्धता पर्दछन् ।[८] राज्यले मानवअधिकार उल्लंघनबाट सिर्जित परिणामहरू हटाई सम्भव भएसम्म मानव अधिकार उल्लंघन हुनुभन्दा अघिको स्थितिमा फर्काउनु पर्दछ ।[९] मौद्रिक क्षतिपूर्ति प्रदान गर्नं महत्वपूर्ण छ तर यातना पीडितहरूको समस्याको समाधान गर्न र पीडितहरूमा पर्ने क्षतिलाई पहिचान गर्न क्षतिपूर्ति मात्र पर्याप्त छैन ।

---

[८] 'अन्तर्राष्ट्रिय मानव अधिकारको आम उल्लंघन र अन्तर्राष्ट्रिय मानवीय कानूनको गम्भीर उल्लंघनका पीडितहरूका लागि उपचार र परिपूरणको अधिकारसम्बन्धी आधारभूत सिद्धान्त र मार्गनिर्देश' संयुक्त राष्ट्र संघीय साधारण सभा प्रस्ताव ६०/१४७ द्वारा १६ डिसेम्बर २००५ मा पारित गरिएको ।

[९] चोर्जोमा रहेको फ्याक्ट्रीसम्बन्धी मुद्दा (Case concerning the Factory at Chorzow (Merits), अन्तर्राष्ट्रिय न्यायसम्बन्धी स्थायी अदालत (PCIJ), सेरिज ए, नं. १७, १९२८, पृ. ४७।

यसलाई पुनर्स्थापनाको अधिकार, सार्वजनिक माफी र सेवाहरूमा सुधार जस्ता अन्य व्यवस्थाहरूको साथमा प्रदान गर्नुपर्छ । तसर्थ केवल मौद्रिक क्षतिपूर्तिमा मात्र सिमित नभई परिपूरणको बारेमा कानून बनाउनु आवश्यक छ ।

वर्तमान अवस्थामा यातना पीडितहरूसँग क्षतिपूर्तिको लागि तीनवटा विकल्पहरू छन्: १) यातनासम्बन्धी क्षतिपूर्ति ऐन अन्तर्गत मुद्दा दायर गर्ने २) राष्ट्रिय मानव अधिकार आयोग समक्ष उजुरी गर्ने र ३) प्रहरीमा जाहेरी दरखास्त दिने । तथापि, यातना पीडितहरूले धेरै हदसम्म यातनासम्बन्धी क्षतिपूर्ति ऐनको प्रयोग गर्दै आएका छन् । पीडितले दोषीमाथि कारबाही गर्न अपराध संहितामा भएको यातनासम्बन्धी प्रावधान अनुसार र क्षतिपूर्ति दाबी गर्न यातनासम्बन्धी क्षतिपूर्ति ऐनमा भएका क्षतिपूर्तिसम्बन्धी प्रावधानहरू अनुसार गरी दुई वटा छुट्टाछुट्टै मुद्दा दायर गर्नुपर्ने हुन्छ । यसले गर्दा कानूनी प्रक्रियाहरू जटिल बन्दछ भने कानून व्यवसायीहरूले पनि छरिएर रहेका कानूनी प्रावधानहरू हेर्नुपर्ने हुन्छ ।

राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ (२०१२) ले मानव अधिकार उल्लंघनका पीडितहरूलाई क्षतिपूर्ति प्रदान गर्नपर्ने आवश्यकतामा जोड दिदै क्षतिपूर्तिसम्बन्धी सिफारिस गर्ने अधिकार दिएको छ । राष्ट्रिय मानव अधिकार आयोगले पीडितको अवस्था हेरी बढीमा तीन लाख रूपैयाँसम्म क्षतिपूर्ति सिफारिस गर्न सक्दछ ।[१०]

यस ऐन अनुसार मानव अधिकार उल्लंघनको विषयमा उजुरी गर्न ६ महिनाको हदम्यादको व्यवस्था छ । यातना र अन्य दुर्व्यवहारका पीडितहरूलाई उजुरी दर्ता गर्न मनोवैज्ञानिक रूपमा तयार हुन समय चाहिन्छ भन्ने कुरा सर्वविदित छ । तसर्थ, यातना र अन्य दुर्व्यवहारको भर्त्सना गर्न, उजुरी गर्न र क्षतिपूर्ति दाबी गर्न कुनै हदम्याद तोकिनु हुँदै

---

[१०] राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ (२०१२), दफा १६ ।

न । नेपालमा यातायातसम्बन्धी पूर्वाधार कमजोर छ र धेरै मानिसहरू दुर्गम क्षेत्रहरूमा बस्छन् । नेपालमा मानव अधिकार आयोगको भौगोलिक उपस्थिति पनि सीमित छ । तसर्थ यी परिस्थितिहरूमा राष्ट्रिय मानव अधिकार आयोगबाट क्षतिपूर्ति खोज्ने पीडितलाई हदम्याद लगायतका प्रावधानहरू राखेर पहुँच संकुचित बनाईनुलाई राज्यको स्पष्ट विफलता मान्न सकिन्छ ।

अपराध संहिताले कसूरदारलाई सजाय र अपराध पीडितलाई क्षतिपूर्तिको पनि व्यवस्था गरेको छ । अपराध संहिताको दफा १६९ ले कसूर गर्ने व्यक्तिबाट पीडित व्यक्तिलाई पुगेको क्षति वा पीडा बापत मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ भन्ने व्यवस्था गरेको छ । तथापि, यस संहिताले क्षतिपूर्ति दिनका लागि कसूर गर्ने व्यक्तिसँग सम्पत्ति नभएको अवस्थामा पीडितलाई क्षतिपूर्ति कसरी उपलब्ध हुन्छ भन्ने बारेमा स्पष्ट व्यवस्था गरेको छैन । यसका साथै, अपराध संहिता अन्तर्गत क्षतिपूर्ति प्राप्त गर्न कसूर सावित भई कसूरदारहरूलाई सजाय हुनुपर्ने व्यवस्था छ । यसले गर्दा अहिलेसम्म क्षतिपूर्ति प्राप्त गर्न पीडितहरू यातनासम्बन्धी क्षतिपूर्ति ऐनमै भरपर्ने गरेका छन् । तसर्थ, वर्तमान अवस्थामा अपराध संहिता अन्तर्गत यातनाका लागि कसूरदारहरूले सजाय पाउने तथा पीडितले क्षतिपूर्ति प्राप्त गर्ने कुरा चुनौतीपूर्ण देखिन्छ ।

## ३.१ यातनासम्बन्धी क्षतिपूर्ति ऐन र क्षतिपूर्तिको व्यवस्था

यातनासम्बन्धी क्षतिपूर्ति ऐन २०५३ (१९९६) ले यातना पीडितको क्षतिपूर्ति पाउने अधिकार सुनिश्चित गरेको छ । यस ऐन अनुसार

यातना पीडितलाई एक लाख रूपैयाँ (रु १,००,०००) सम्म क्षतिपूर्ति दिन सकिन्छ भने क्षतिपूर्ति र यातनामा संलग्न प्रहरीविरुद्ध विभागीय करवाहीको माग गरी उजुरी गर्न ३५ दिनको हदम्यादको व्यवस्था गरेको छ। अधिकतम क्षतिपूर्ति एक लाख रूपैयाँ भएकोले यसले यातना पीडित तथा पीडितका आफन्तहरूमाथि पर्ने मनोवैज्ञानिक र शारीरिक क्षतिलाई सम्बोधन गर्दैन भने परिपूरणको व्यवस्था गरेको छैन । यसका साथै क्षतिपूर्ति निर्धारण गर्ने मापदण्ड ऐनमा व्यवस्था नभएकोले राज्यको ढुकुटीबाट पीडितलाई भुक्तानी गर्न सकिने क्षतिपूर्तिको रकम फरक फरक हुन जान्छ ।

यातनासम्बन्धी क्षतिपूर्ति ऐन अनुसार पीडितहरूलाई यातना भएको जिल्लास्थिति जिल्ला अदालतमा यातनाको प्रमाण सहित उजुरी गर्नु पर्ने हुन्छ । अदालतले प्रमाणको आधारमा यातना भएको भनी ठहर गरेमा ऐनमा भएको व्यवस्था अनुसार क्षतिपूर्ति रकम निर्धारण गर्दछ। ऐनले कसूरदारको विरुद्धमा विभागीय कारबाही गर्न सक्ने व्यवस्था पनि गरेको छ ।

वकालत मञ्चले लगातार यातनासम्बन्धी क्षतिपूर्ति ऐनमा रहेका थुप्रै कमीकमजोरीहरू औल्याउँदै आइरहेको भएतापनि सो ऐन अन्तर्गत पीडितलाई क्षतिपूर्ति प्राप्त गर्न सहयोग गर्दै आइरहेको छ । यातनासम्बन्धी क्षतिपूर्ति ऐन अन्तर्गत पीडितहरूले जिल्ला अदालतमा क्षतिपूर्ति र दोषी अधिकारीहरूविरुद्ध विभागीय कारबाहीको माग गर्न सक्दछ । यस परिच्छेदमा यातनासम्बन्धी क्षतिपूर्ति ऐन अन्तर्गत वकालत मञ्चको सहयोगमा दायर भएका १५० भन्दा बढी मुद्दाहरूको विश्लेषण गरिएको छ ।


# ३.२ यातनासम्बन्धी क्षतिपूर्ति ऐन २०५३ (१९९६) अन्तर्गत दायर गरिएका मुद्दाहरूको विश्लेषण

वकालत मञ्चको स्थापना भएदेखि वकालत मञ्चसँग आबद्ध कानून व्यवसायीहरूले यातनासम्बन्धी क्षतिपूर्ति ऐन अन्तर्गत मुद्दा दायर गर्न १५२ जना यातना पीडितहरूलाई सहयोग गरिसकेका छन् । ती १५२ जना मध्ये ८४.२१ प्रतिशत वयस्कहरू थिए भने १५.७९ प्रतिशत बालबालिका थिए । लैंगिक विश्लेषण गर्दा ९०.१३ प्रतिशत पुरुष र ९.८७ प्रतिशत महिला थिए । बालबालिकामध्ये ८७.५ प्रतिशत बालक थिए भने ९.३८ प्रतिशत बालिका थिए । वयस्कहरूमध्ये ९०.६३ प्रतिशत वयस्क पुरुष थिए भने ९.३८ प्रतिशत वयस्क महिला थिए ।


### *३.२.१ क्षतिपूर्ति*

अदालतले ३०.२६ प्रतिशत मुद्दामा मात्र पीडितले क्षतिपूर्ति पाउने गरी फैसला गरेको छ । २२.७३ प्रतिशत पीडितलाई दश हजार रूपैयाँ (रु १०,०००), १५.९१ प्रतिशत पीडितलाई पन्ध्र हजार रूपैयाँ (रु १५,०००) र १३.६४ प्रतिशतलाई पच्चिश हजार रूपैयाँ (रु २५,०००) पाउने भनी फैसला भएको थियो । यसरी तोकिएको क्षतिपूर्ति रकमले पीडितहरूको आवश्यकतालाई पूरा गर्न सक्दैन । अदालतले गरेको क्षतिपूर्तिको फैसला हेर्दा क्षतिपूर्तिलाई साँकेतिकरूपमा मात्र मान्यता दिएको देखिन्छ । अन्य मुद्दाहरूमा क्षतिपूर्तिको रकम एक लाख रूपैयाँको १० प्रतिशतभन्दा कम रहेको थियो ।

पीडितहरूले क्षतिपूर्ति पाउन वर्षौं प्रतिक्षा गर्नु परेको छ । वकालत मञ्चले सहयोग गरेको १२ जना भन्दा धेरै यातना पीडितहरूले क्षतिपूर्तिका लागि १० वर्ष भन्दा लामो संघर्ष गरेका छन् ।




*रेखाचित्र ७ : क्षतिपूर्ति दाबी गर्नेको लैंगिक विश्लेषण*




*रेखाचित्र ८ : क्षतिपूर्ति रकम*

### ३.२.२ विभागीय कारबाही

यातनासम्बन्धी क्षतिपूर्ति ऐन अन्तर्गत अदालतले यातनाको लागि जिम्मेवार व्यक्तिहरूविरुद्ध विभागीय कारबाही वा अनुशासनात्मक कारबाहीको आदेश दिन सक्दछ ।[११] तथापि, यी व्यक्तिहरूको प्रतिरक्षा सरकारी वकिलको कार्यालयले गर्दछ। यसका साथै विभागीय कारबाहीहरू संस्था अनुसार फरक हुन सक्दछ। यातना रोकथामका लागि मौद्रिक क्षतिपूर्ति मात्र नभई अन्य उपायहरू पनि समावेश गरिनु महत्वपूर्ण छ। यस अर्थमा विभागीय कारबाही अन्तर्गत सचेत गराउने वा जागिरबाट बर्खास्त गर्ने जस्ता उपायहरू समावेश गर्न सकिन्छ।

वकालत मञ्चले सहयोग पुऱ्याएका मुद्दाहरूको विश्लेषण गर्दा ५० प्रतिशत मुद्दाहरूमा विभागीय कारबाहीको पनि आदेश भएको देखिन्छ। ४५.४५ प्रतिशत मुद्दाहरूमा क्षतिपूर्ति प्रदान गरिएको तर कुनै विभागीय कारबाहीको आदेश गरिएन। बाँकी रहेका ४.५५ प्रतिशत मुद्दामा क्षतिपूर्तिका साथै कसूरदारलाई सचेत गराइएको थियो। अदालतबाट भएका आदेशहरूलाई प्रहरी प्रशासनले पालना गरेको नगरेको बारेमा अनुगमन गर्ने संयन्त्र छैन। यसबारेमा पीडितहरूलाई जानकारी नदिइएको हुँदा अनुशासनात्मक कारबाहीको कार्यान्वयनको अवस्था स्पष्ट छैन।

### ३.२.३ मध्यस्थता

यातनासम्बन्धी क्षतिपूर्ति ऐन अन्तर्गत दायर भएका दुईवटा मुद्दाहरू अर्थात १.३२ प्रतिशत मुद्दाहरूमा पीडित र अपराधीबीच मेलमिलाप गर्ने फैसला भएको थियो। यातना भनेको मानव अधिकारको गम्भीर उल्लंघन भएकोले मध्यस्थता वा मेलमिलाप गरिनु हुँदैन। तथापि केही


[११] यातना क्षतिपूर्ति ऐन, २०५३ (१९९६), दफा ७।

मुद्दाहरूमा अदालतले दुबै पक्षलाई मेलमिलापमा जान सल्लाह दिइएको देखिन्छ। मेलमिलापमा जाँदा मध्यस्थको नियुक्ती, मध्यस्थताका प्रक्रिया र विवाद समाधान लगायतका विषयमा मध्यस्थता ऐन २०६८ (२०११) लागू हुन्छ । तथापि, मध्यस्थतामा जान पीडितको स्वतन्त्र सहमति हुनु पर्ने कुरालाई सुनिश्चित गर्ने कानूनी तरिका नभएकोले पीडितले धम्की र दबाबको सामना गर्नु पर्ने अवस्था सिर्जना पनि हुनसक्दछ । मध्यस्थतामा गएका दुई पीडितहरूमध्ये एक पीडितलाई सम्झौतामा सहमत हुन धम्की दिएको थियो ।

### *३.२.४ मुद्दा खारेजी*

अदालतमा दायर गरिएकामध्ये ६३.१६ प्रतिशत मुद्दाहरू खारेज भएको पाइन्छ । मुद्दा खारेज हुनुका कारणहरूमध्ये पर्याप्त चिकित्सकीय प्रमाणको अभाव (७७.०८ प्रतिशत), अदालतमा अज्ञात कारणले यातना भएको इन्कार गर्ने (१२.५ प्रतिशत) वा अदालतमा प्रहरीको धम्कीका कारण यातना भएको इन्कार गर्ने (१.०४ प्रतिशत), मुद्दाहरूको हदम्याद नाघिसकेको कारण (५.२१ प्रतिशत), प्रहरीको धम्कीले गर्दा वादी अदालतमा उपस्थित नहुने (३.१३ प्रतिशत ) र वादीको बयान र वकपत्रमा भएको विरोधाभासका कारण (१.०४ प्रतिशत) रहेका छन । थुनामा लैजानु अघि र पछाडि स्वास्थ्य परीक्षण गराउनु पर्ने कानूनी दायित्व[१२] पूरा नगरिएका कारणले चिकित्सकीय प्रमाणको अभाव हुन गई मुद्दा खारेजी भएको पाइन्छ। यसबाहेक, स्वास्थ्यकर्मीहरूमा पर्याप्त मेडिको-लिगल प्रशिक्षणको अभावले गर्दा स्वास्थ्य परीक्षणसम्बन्धी मेडिको-लिगल दस्तावेजमा कमीकमजोरी रहेका थिए ।

[१२] यातना क्षतिपूर्ति ऐन २०५३ (१९९६), दफा ३(२) ।




*रेखाचित्र ९ : खारेजीका कारणहरू*

यातना दिइएका धेरै पीडितहरू सहयोग बिना अस्पतालमा जान असमर्थ हुन्छन् । यातना पीडितहरू शारीरिक र मानसिक रूपमा तयार हुन समय लाग्छ । सार्वजनिक अधिकारीहरूले स्वास्थ्य परीक्षण नगराउँदा आफ्नै खर्चमा स्वास्थ्य उपचार गराउनु पर्ने हुन्छ । यसका साथै यातनासम्बन्धी क्षतिपूर्ति ऐनमा ३५ दिनको हदम्यादको व्यवस्था छ ।[१३] यातना पीडितहरू लज्जित तथा प्रतिष्ठामा हानी भएको अनुभव गर्दछन् । यातना पीडितहरूलाई कानूनी कारबाहीमा जान र प्रमाण संकलन गर्ने अवस्थामा पुग्न समय लाग्छ । धम्कीबाट संरक्षण प्रदान गर्ने लगायतका कार्य गरी पीडितहरूलाई क्षतिपूर्ति दाबी गर्न प्रोत्साहन दिनु आवश्यक छ । पीडित र साक्षीहरूको सद्ररक्षाको अभावले गर्दा पीडितहरूले उजुरी फिर्ता लिने, अदालतमा हाजिर नहुने, विरोधाभासपूर्ण बयान बकपत्र गर्ने आदि गर्दछन् । यसले गर्दा मुद्दा कमजोर भई खारेज हुने गर्दछ । तसर्थ, यातनाको गाम्भीर्यता र नकारात्मक असरहरूलाई ध्यानमा राखी मानव अधिकारको दृष्टिकोणबाट न्यायाधीशहरूलाई पनि संवेदनशील बनाउनु पर्ने देखिन्छ ।

### *३.२.५ मुद्दा फिर्ता*

वकालत मञ्चको सहयोगमा दर्ता गरिएका १५२ मुद्दाहरूमध्ये ६.५८ प्रतिशत यातना पीडितहरूले आफ्नो मुद्दा फिर्ता लिएका थिए । ती मध्ये २० प्रतिशतले सम्भवतः क्षतिपूर्तिमा भएको कानूनी सीमा र अदालतबाट प्राप्त हुन सक्ने कम क्षतिपूर्तिको रकमका कारण मुद्दा फिर्ता लिएको देखिन्छ । अदालती प्रक्रियामा नगई दोषी व्यक्तिहरूसँग सम्झौता गर्दा बढी रकम प्राप्त गर्न सक्ने अवस्था पनि विद्यमान रहेको देखिन्छ । मुद्दा फिर्ता लिनेमध्ये २० प्रतिशतले कारण खुलाएका थिएनन्

[१३] यातना क्षतिपूर्ति ऐन २०५३ (१९९६), दफा ५(१) ।


भने बाँकी ६० प्रतिशतले सुरक्षाको कारणबाट फिर्ता लिएको देखिन्छ। पीडितहरूमाथि बदला लिइने खतरा र उजुरी गरेमा प्रहरीबाट अझै यातना दिइने खतराका कारणले डराउने गरेका छन् ।

यातना पीडितहरूलाई अदालती प्रक्रियामा जानबाट रोक्न विभिन्न प्रलोभनमा पार्ने गरिन्छ। वकालत मञ्चले पाएको जानकारी अनुसार केही पीडितहरूलाई अदालतको निर्णयबाट पाउने भन्दा धेरै गुणा बढी पैसा दिने प्रस्ताव गरिएको थियो। प्रायजसो धम्की, असुरक्षा र आर्थिक प्रलोभन तथा कमजोर आर्थिक अवस्थाको कारणले गर्दा पीडितहरू यस्तो प्रस्तावहरू स्वीकार गर्ने मनस्थितिमा पुगी औपचारिकरूपमा मुद्दाहरू फिर्ता लिन्छन् ।


### *३.२.६ मुद्दाको पुनरावेदन*

प्रभावकारी न्यायिक सुरक्षा र प्रक्रियागत अधिकारको प्रत्याभूतिका लागि पुनरावेदनको अधिकार महत्वपूर्ण छ। १५२ वटा मुद्दामध्ये ३५ (२५ प्रतिशत) वटा मुद्दाहरूमा जिल्ला अदालतको फैसलामा चित्त नबुझी उच्च अदालतमा पुनरावेदन गरिएको थियो। पुनरावेदन गरिएका मुद्दाहरू मध्ये ८८.५७ प्रतिशत मुद्दामा जिल्ला अदालतको शुरू फैसला सदर भयो भने ११.४३ प्रतिशत मुद्दामा जिल्ला अदालतको निर्णयहरू उल्ट्याएर पीडितको पक्षमा निर्णय भएको थियो ।

पुनरावेदन अदालतबाट भएका फैसलाहरूमध्ये ५ वटा (१४.२९ प्रतिशत)लाई सर्वोच्च अदालतमा पुनरावलोकनका लागि निवेदन गरिएको थियो । सर्वोच्च अदालतले २ वटा (४० प्रतिशत) मुद्दामा क्षतिपूर्ति पाउने गरि फैसला गरेको थियो भने बाँकी ३ वटा (६०५ वटा) मुद्दामा प्रमाणको कमी र अधिकार क्षेत्रको अभावका कारण मुद्दा खारेज गरेको थियो ।




*रेखाचित्र १० : जिल्ला अदालतको फैसलाउपर गरिएको पुनरावेदन र पुनरावेदन फैसला*




*रेखाचित्र ११ : सर्वोच्च अदालतमा पेश गरिएको मुद्दा र फैसलाको प्रतिशत*

### ३.२.७ अदालतका फैसला कार्यान्वयनको स्थिति


नेपालमा अदालतको फैसला कार्यान्वयन नहुनु एउटा ठूलो समस्याको रूपमा रहेको छ ।१५२ वटा मुद्दाहरू मध्ये जिल्ला अदालतबाट ९५.६५ प्रतिशत, र पुनरावेदनमार्फत उच्च अदालत र सर्वोच्च अदातलबाट ४.३५ प्रतिशत मुद्दाहरूमा गरी जम्मा ४६ वटा (३०.२६ प्रतिशत) मुद्दाहरूमा क्षतिपूर्ति प्राप्त हुने गरी फैसला भएको छ ।[१४]

अदालतबाट क्षतिपूर्ति पाउने गरी भएका फैसलाका ४६ जना पीडितहरू मध्ये जम्मा ७ जना (१५.२२ प्रतिशत) पीडितले मात्र क्षतिपूर्ति रकम प्राप्त गरेका छन् । क्षतिपूर्ति प्राप्त गर्नका लागि पीडितहरूले जिल्ला प्रशासन कार्यालयमा निवेदन दिनुपर्ने, जिल्ला प्रशासन कार्यालयले उक्त निवेदनलाई गृह मन्त्रालयमा पठाउनु पर्ने र गृह मन्त्रालयबाट क्षतिपूर्ति रकम जिल्ला प्रशासन कार्यालयमा आएपछि जिल्ला प्रशासन कार्यालयका सम्बन्धित कर्मचारीले पीडितलाई रकम उपलब्ध गराउने जस्ता प्रक्रिया रहेको छ। यस्तो प्रक्रियाका कारणले निरन्तर सरकारी कार्यालय धाईरहँदा पनि पीडितहरूले क्षतिपूर्ति रकम प्राप्त गर्न वर्षौं वर्ष लाग्ने गर्दछ। कानूनी प्रावधान हेर्ने हो भने अदालतबाट अन्तिम निर्णय भएपछि त्यस्तो निर्णयको सूचना पाएको मितिले एक वर्षभित्र पीडितले जिल्ला प्रशासन कार्यालयमा निवेदन दिनु पर्नेछ र निवेदन प्राप्त भएको मितिले पैंतीस दिनभित्र जिल्ला प्रशासन कार्यालयले निवेदकलाई क्षतिपूर्तिको रकम दिनु पर्नेछ ।[१५] तथापि, धेरै मुद्दामा जिल्ला प्रशासन कार्यालयले पीडितहरूलाई क्षतिपूर्तिको रकम मन्त्रालयबाट नआएको भनी जवाफ दिने गरेको पाइन्छ।

---

[१४] यो प्रतिशतले यातना पीडितहरूलाई अदालत र मध्यस्थताबाट प्रदान गरिएको क्षतिपूर्तिलाई जनाउँदछ ।

[१५] यातना क्षतिपूर्ति ऐन, २०५३ (१९९६), दफा ९ ।




*रेखाचित्र १२ : क्षतिपूर्तिसम्बन्धी अदालतको फैसला*

## प्रतीकात्मक मुद्धाहरुः राज कुमार महासेठ, करबिर सिंह साहु, धर्मेन्द्र बरई

मानव अधिकारकर्मी अधिवक्ता राजकुमार महासेठलाई धनुषा जिल्लाको बाह्रविघा रङ्गभूमिमा सात राजनीतिक दलले आयोजना गरेको एक कार्यक्रमको अनुगमन गर्दा प्रहरीले कुटपिट गरेको थियो । त्यो दिन प्रहरीले झन्डै ८० जना हड्ताल गरिरहेका व्यक्तिलाई घाइते बनाएको थियो । एक हतियारधारी प्रहरीले मानव अधिकारकर्मीको ज्याकेट लगाएका अधिवक्ता महासेठलाई अन्य प्रहरीले नरोक्दासम्म बाँसको डन्डाले कुटपिट गरिरहे । सन् २००८ मा उक्त घटना भएदेखि उनीलाई हिँड्न र काम गर्न कठिनाई भयो । उनले आफू घाइते भएको र उपचार लिइरहेको मेडिकल प्रमाणका साथ क्षतिपूर्तिको दाबी गरेका थिए । अर्कोतर्फ प्रतिवादीले आफ्नो कमान्डमा रहेको प्रहरी कर्मचारीले वादीलाई नकुटेको प्रमाणित गर्न सकेनन् । अदालतले पच्चिस हजार रूपैयाँ (रु २५,०००) क्षतिपूर्ति हुने भनी फैसला गऱ्यो ।

आजसम्म अधिवक्ता महासेठले अदालतको फैसला बमोजिमको क्षतिपूर्ति रकम प्राप्त गरेका छैनन् । धेरैपटक अदालतको फैसला कार्यान्वयन गरी पाऊँ भनी निवेदन गरेतापनि उनले क्षतिपूर्ति पाएका छैनन् । त्यसपछि वकालत मञ्चको सहयोगमा उनले सर्वोच्च अदालतमा निवेदन दर्ता गरेर सर्वोच्च अदालतले २०७४ पौष १८ गते न्यायिक फैसला कार्यान्वयन गर्ने आदेश दियो । सर्वोच्च अदालतको उक्त निर्णयको छायाँकपीकासाथ अर्को निवेदन पेश गरिएको थियो, तर अधिवक्ता महासेठ अझै क्षतिपूर्तिको लागि पर्खिरहेका छन् ।[१६]

करबिर सिंह साहु यातना पीडित हुन् र उनले मौद्रिक क्षतिपूर्ति पाइसकेका छन् । तथापि उनको मुद्दाले अदालतहरूबीच क्षतिपूर्ति प्रदान गर्ने विषयमा भएका विरोधाभासपूर्ण फैसलाहरूको उदाहरण दिन्छ । उनको मुद्दामा कञ्चनपुर जिल्ला अदालतले राज्यबाट पीडितलाई रु १,००,००० क्षतिपूर्ति प्रदान गर्न र यातना दिन जिम्मेवार तीनजना वन अधिकृतविरुद्ध विभागीय कारबाही गर्न आदेश दियो । प्रतिवादीहरूले उक्त फैसलाको पुनरावेदन गरे र पुनरावेदन अदालतले प्रत्येक प्रतिवादीबाट श्री साहुलाई रु १०,००० क्षतिपूर्ति भराउने तर जिल्ला अदालतको विभागीय कारबाहीको फैसलालाई खारेज गऱ्यो ।

---

१६ सर्वोच्च आदालतको पूर्ण फैसला http://supremecourt.gov.np/cp/#listTable_ मा उपलब्ध छ ।

पुनरावेदन अदालतको फैसलाको विरुद्ध वकालत मञ्चको सहयोगमा पीडितले सर्वोच्च अदालतमा पुनरावेदन गरे । अन्तमा, सर्वोच्च अदालतले श्री साहुलाई रु ५०,००० क्षतिपूर्ति प्रदान गर्ने र तीन मध्ये दुई जना आरोपी विरुद्ध पुनः विभागीय कारबाही गर्न आदेश दियो भने तेस्रो आरोपीलाई सफाई दियो ।

धर्मेन्द्र बरईको मुद्दाले न्यायिक प्रक्रियामार्फत राज्य व्यवस्थाले कसरी दण्डहिनतालाई वढावा दिन्छ भन्ने कुरा देखाउँछ। २०६७ असार (जुलाई २०१०) मा उनलाई प्रहरी हिरासतमा यातना दिइयो र मारियो ।[१७] घटनाको छानबिन गर्न गृह मन्त्रालय र जिल्ला प्रशासन कार्यालयले दुई अलग टोली गठन गरे तर कुनै प्रतिवेदन सार्वजनिक गरिएन । उनका आफन्तले दोषी प्रहरीहरूविरुद्ध मुद्दा हाल्ने प्रयास गरे तर प्रहरीले जाहेरी दरखास्त नै दर्ता गर्न अस्वीकार गर्यो । जिल्ला प्रशासन कार्यालयले क्षतिपूर्ति प्रदान गर्ने आश्वासन दियो । उनीहरूलाई कानूनी कारबाही छोडेमा एक लाख पचास हजार रूपैयाँ (रु १,५०,०००) दिने भनी प्रलोभन पनि दियो । वकालत मञ्चको सहयोगमा पीडितका परिवारले स्थानीय प्रहरी चौकीमा जाहेरी दरखास्त दर्ता गर्ने प्रयास गरे तर प्रहरीले जाहेरी दरखास्त दर्ता गर्न अस्वीकार गऱ्यो । त्यसैले, हुलाक कार्यालयमार्फत जाहेरी दरखास्त पठाइयो । तर प्रहरीले अनुसन्धान शुरू गरेन । त्यसपछि वकालत मञ्चको सहयोगमा पीडित परिवारले उच्च अदालत बुटवलमा परमादेशको रिट दर्ता गरे । सो परमादेशको रिटउपर उच्च अदालतले जाहेरी दरखास्त दर्ता गर्न र मुद्दाको अनुसन्धान गर्न प्रहरीको नाममा परमादेश जारी गऱ्यो । तर अदालतको आदेशको पालना गर्नको सट्टा प्रहरीले उच्च अदालत बुटवलको पै ञसलाविरुद्ध सर्वोच्च अदालतमा रिट दायर गऱ्यो । सर्वोच्च अदालतले उच्च अदालत बुटवलको फैसलालाई सही ठहऱ्याउदै अदालतको आदेशको पालना गर्न प्रहरीलाई आदेश दियो तर प्रहरीले अनुसन्धान शुरू गरेको छैन । पीडितका परिवार अनुसन्धानको प्रगतिबारे बुझ्न प्रहरी कार्यालय जान्छन् तर हरेक चोटि नयाँ प्रहरी प्रमुखले अनुसन्धान शुरू गर्ने वाचा दिन्छन् तर अनुसन्धान शुरू गर्दैनन् । न्याय प्रत्याभूति र कार्यान्वयन हुने भएको भए यस्ता घटनाहरू हुने थिएनन् । पीडितहरू र पीडितका परिवारहरूलाई न्याय दिनुको सट्टा मानव अधिकार उल्लंघनको विषयलाई पैसाको आडमा ढाकछोप गर्न खोजिने कुरा असहनीय छ ।

[१७] मुद्दाको विवरण https://www.hrw.org/report/2010/12/14 / indifference-duty/impunity-crimes-committed-nepal मा उपलब्ध छ ।

परिच्छेद ४

# परिपूरणसम्बन्धी अन्तर्राष्ट्रिय कानूनी व्यवस्था

मानव अधिकार उल्लंघनका पीडितले परिपूरण पाउने अधिकार अन्तर्राष्ट्रिय कानूनको आधारभूत सिद्धान्त हो। अन्तर्राष्ट्रिय दायित्वहरू अनुरूप गर्नुपर्ने कार्य नगरेमा वा गर्न नहुने कार्य गरेमा सो कार्यबाट अन्तर्राष्ट्रिय उत्तरदायित्वहरू सिर्जना हुन्छन् किनकि तिनीहरूले अन्तर्राष्ट्रिय तहसम्म प्रभाव पार्छन्। तथापि, राज्यले आफ्नो दायित्व कार्यान्वयन गर्न असफल भएको छ कि छैन भन्ने कुरा निर्धारण गर्न ती दायित्वहरूको पहिचान हुनु आवश्यक पर्दछ। परिपूरणको अधिकार धेरै सन्धिहरूमा निहित छ र धेरै प्रकारका उपायहरूलाई समावेश गर्दछ।

सन्धिमा भएको प्रावधान र व्याख्याहरूमार्फत परिपूरणको अधिकारको विकास भएको पाइन्छ। यस खण्डमा अन्तर्राष्ट्रिय कानूनी प्रावधानहरू र अन्तर्राष्ट्रिय दायित्वहरूको कार्यान्वयनको अनुगमन गर्ने मानव अधिकारका सन्धिहरूअन्तर्गत बनेका निकायहरूबाट परिपूरणसम्बन्धी भएका व्याख्याहरूलाई समावेश गरिएको छ।

# ४.१ नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६

नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ ले स्पष्ट रूपमा परिपूरणको अधिकारको बारेमा उल्लेख गरेको छैन तर यसले धारा २(३) मा "प्रभावकारी उपचार" को अधिकारको व्यवस्था गरेको छ । "सक्षम अधिकारीहरू" द्वारा उपचार निर्धारण गरिनुपर्दछ भन्ने व्यवस्था गरिएको छ । प्रतिज्ञापत्रको धारा ९(५) र १४(६) मा गैरकानूनी रूपमा पक्राउ, थुना र दोषी ठहर गरिएको पीडितहरूको सन्दर्भमा मात्र क्षतिपूर्तिलाई उल्लेख गरेको छ ।

धारा २८ अनुसार प्रतिज्ञापत्रको राष्ट्रिय स्तरमा कार्यान्वयनको अवस्था हेर्नका लागि मानव अधिकार समिति रहेको छ। मानव अधिकार समितिले प्रतिज्ञापत्रसम्बन्धी राज्यहरूको प्रतिवेदनमाथि निष्कर्ष, सामान्य टिप्पणी र व्यक्तिगत उजुरीमार्फत प्रतिज्ञापत्रका प्रावधानहरूको व्याख्या गर्छ । कानूनी रूपमा बाध्यकारी फैसलाहरू जारी गर्ने अधिकार नभएतापनि यसले पक्ष राष्ट्रहरूले गरेको नागरिक तथा राजनीतिक अधिकार उल्लंघनका सन्दर्भमा पीडित व्यक्तिहरूको मुद्दामा निर्णय गर्दछ। समितिका अनुसार परिपूरणको अधिकार प्रभावकारी उपचारको अधिकारको अंश हो ।[१८] समितिले यसको पालना नगर्नलाई धारा २(३)

---

[१८] नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा २(३) अनुसार "प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रले निम्न कुराको प्रतिज्ञा गर्दछः (क) सरकारी हैसियतमा काम गर्ने व्यक्तिहरूबाटै उल्लंघन भएको भएतापनि प्रस्तुत प्रतिज्ञापत्रमा स्वीकार गरिएका आफ्ना अधिकार तथा स्वतन्त्रताहरू उल्लंघन भएको कुनै पनि व्यक्तिले प्रभावकारी उपचार पाउने कुरा सुनिश्चित गर्ने, (ख) त्यस्तो उपचार दावी गर्ने कुनै पनि व्यक्तिको अधिकार सक्षम न्यायिक, प्रशासनिक वा व्यवस्थापकीय अधिकारीहरू वा सो राष्ट्रको कानून प्रणालीबाट व्यवस्था गरिएका

को उल्लंघन मानेको छ तर समितिको निर्णयहरू कार्यान्वयनका लागि औपचारिक संयन्त्रको अभाव छ ।

यातना पीडितहरूलाई क्षतिपूर्तिसहित प्रभावकारी उपचारको अधिकार छ र यी उल्लंघनहरू रोक्न पक्ष राष्ट्रमाथि बाध्यकारी दायित्व छ भनी धारा २(३) को व्याख्यामा समितिले भनेको छ । समितिले "पूर्ण परिपूरण", "पर्याप्त क्षतिपूर्ति" वा "सकेसम्म पूर्ण पुनर्स्थापना" जस्ता अन्य शब्दहरू प्रयोग गर्दछ ।[१९]

## ४.२ यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको महासन्धि, १९८४

महासन्धिको धारा १४(१) ले प्रत्येक पक्ष राष्ट्रले यातना पीडितले परिपूरण तथा सम्भव भएसम्म पूर्ण पुनर्स्थापनाको उपायहरू लगायत उचित तथा पर्याप्त क्षतिपूर्ति प्राप्त गर्ने प्रत्याभूत गर्नु पर्ने व्यवस्था गरेको छ । महासन्धि अन्तर्गत गठित यातना विरुद्धको समितिले पूर्ण परिपूरणको अवधारणालाई पुनरुद्दार, क्षतिपूर्ति, पुनःस्र्थापना, सन्तुष्टि, र पुनः नदोहोरिने प्रत्याभूतिको रूपमा व्याख्या गरेको छ ।[२०]

---

अन्य कुनै सक्षम अधिकारीद्वारा निर्धारण गरी पाउने कुरा सुनिश्चित गर्ने र न्यायिक उपचारका संभावनाहरूको विकास गर्ने, (ग) उपचारहरू प्रदान गरिएमा सक्षम अधिकारीहरुले त्यस्ता उपचारहरू लागू गर्ने कुरा सुनिश्चित गर्ने ।"

[१९] रामिरेज वि. मेक्सिको (Ramírez v. Mexico) (२०१२), मानव अधिकार समिति संचार नं. ५००/२०१२ ।

[२०] यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धि, १९८४, साधारण टिप्पणी नं. ३ र ऐ.ऐ.,अनुच्छेद ४ ।

महासन्धिले पक्ष राष्ट्रलाई प्रत्येक मुद्दाको विशेषता र परिस्थिति, पीडितको आवश्यकता, र उल्लंघनको गाम्भीर्यता अनुरूप परिपूरण र पुनर्स्थापना प्रदान गरिनुपर्छ भन्ने व्यवस्था गरेको छ ।[२१] साथै, पीडितमाथि आर्थिक बोझ थोपर्ने खालको परिपूरणको प्रक्रियाले उनीहरूलाई परिपूरण खोज्न निरुत्साहित गर्दछ ।[२२]

महासन्धिले परिपूरणको कार्यान्वयनका लागि स्थापित निर्देशनहरूका अतिरिक्त गैर-भेदभावको सिद्धान्तलाई मानव अधिकारको संरक्षण र कानून कार्यन्वयनको लागि आधार मानेको छ। विशेषगरी, धारा ३२ ले "न्यायमा पहुँच र परिपूरण खोज्ने र पाउने संयन्त्रहरूमा सहज पहुँच र समाधान कुनै पनि रंग, वर्ण, जाति, उमेर, धार्मिक विश्वास वा आबद्धता, राजनैतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, लिंग, लैंगिक झुकाव, लैंगिक पहिचान, मानसिक वा अन्य अशक्तता, स्वास्थ्य स्थिति, आर्थिक वा जनजातीय स्थिति, राजनीतिक अपराध वा आतंकवादीको आरोपमा, आश्रय खोज्ने व्यक्ति, शरणार्थी सहित हिरासतमा लिएका वा अन्तर्राष्ट्रिय संरक्षणमा रहेका वा कुनै अन्य स्थिति वा प्रतिकूल भिन्नता भएका, र सीमान्तकृत वा माथिका जस्ता आधारमा कमजोर तुल्याइएका सम्पूर्णलाई सकारात्मक उपायहरू समान रूपमा उपलब्ध गराउनु पर्छ" भनी व्यवस्था गरेको छ। जबसम्म क्षतिपूर्ति कसूरदारको आर्थिक क्षमतामा निर्भर हुन्छ तबसम्म धनी र गरिब कसूरदारहरूका पीडित बीच भेदभाव व्याप्त रहन्छ ।

नेपालमा व्याप्त राजनीतिक संक्रमणलाई ध्यानमा राख्दै "यातना पीडितलाई उपचार प्रदान गर्न पक्ष राष्ट्र असफल हुनुलाई राष्ट्रको

---

[२१] यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धि, धारा ६ ।

[२२] यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धि, धारा २९ ।

विकासको स्तरसँग जोडेर औचित्यता सिद्ध गर्न सकिदैन र सरकार परिवर्तन भएका राष्ट्र र नयाँ राष्ट्रहरूको समेत उपचारको अधिकारको प्रत्याभूत गर्ने दायित्व रहेको हुन्छ"[२३] भन्ने समितिको भनाईलाई ध्यान दिनु आवश्यक छ ।

## ४.३ बलपूर्वक बेपत्ता पारिनबाट सबै व्यक्तिको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, २००६

बलपूर्वक बेपत्ता पारिनबाट सबै व्यक्तिको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, २००६ लाई नेपालले आजका मितिसम्म अनुमोदन गरेको छैन । यस सन्धिको धारा २४(४) अनुसार "प्रत्येक पक्ष राष्ट्रले आफ्नो कानूनी प्रणालीमा बलपूर्वक बेपत्ता पारिएका पीडितको परिपूरण र तत्काल, निष्पक्ष र पर्याप्त क्षतिपूर्ति पाउने अधिकारलाई सुनिश्चित गर्नँपर्दछ ।" परिपूरण र क्षतिपूर्ति वैकल्पिक रूपमा नभई समाधानका लागि आवश्यक उपायहरूको रूपमा व्यवस्था गरिएको छ। त्यस्तै धारा २४(५) ले परिपूरणको अधिकारको रूपमा भौतिक र नैतिक क्षति र आवश्यकता अनुसार पुनरुद्दार, पुनर्स्थापना, सन्तुष्टि र पुनः नदोहोरिने प्रतिबद्धता पर्दछ भनी व्यवस्था गरेको छ ।

[२३] यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धि, धारा ३७ ।

## ४.४. अन्तर्राष्ट्रिय मानव अधिकारको आम उल्लंघन र अन्तर्राष्ट्रिय मानवीय कानूनको गम्भीर उल्लंघनका पीडितहरूका लागि उपचार र परिपूरणको अधिकारसम्बन्धी आधारभूत सिद्धान्त र मार्गनिर्देश, २००५

"अन्तर्राष्ट्रिय मानव अधिकारको आम उल्लंघन र अन्तर्राष्ट्रिय मानवीय कानूनको गम्भीर उल्लंघनका पीडितहरूका लागि उपचार र परिपूरणको अधिकारसम्बन्धी आधारभूत सिद्धान्त र मार्गनिर्देश" ले पर्याप्त परिपूरण, प्रभावकारी, शीघ्र र उपयुक्त उपचार उपलब्ध गराउनु पर्ने राज्यहरूको अन्तर्राष्ट्रिय कानूनी दायित्वहरू भएकोले सोसँग मेल खाने गरी राष्ट्रिय कानून बनाउनु पर्ने उल्लेख गर्दछ ।[२४] यसका साथै राज्यले हिंसा वा आघात भोगेका पीडितहरूलाई कानूनी प्रक्रियामा हुनसक्ने पुनः आघातबाट बचाउनको लागि विशेष ध्यान दिनु पर्दछ ।[२५]

सिद्धान्त ११ ले परिपूरणको अधिकार मानव अधिकारको उल्लंघनका लागि उपचार पाउने अधिकारको अंश हो र यसमा न्यायको लागि समान

---

[२४] अन्तर्राष्ट्रिय मानव अधिकारको आम उल्लंघन र अन्तर्राष्ट्रिय मानवीय कानूनको गम्भीर उल्लंघनका पीडितहरूका लागि उपचार र परिपूरणको अधिकारसम्बन्धी आधारभूत सिद्धान्त र मार्गनिर्देश, संयुक्त राष्ट्र संघको साधारण सभाद्वारा सन् २००५ डिसेम्बर १६ मा पारित, सिद्धान्त नं. १ । https://www.ohchr.org/en/professionalinterest/pages/remedyandreparation.aspx मा उपलब्ध छ

[२५] अन्तर्राष्ट्रिय मानव अधिकारको आम उल्लंघन र अन्तर्राष्ट्रिय मानवीय कानूनको गम्भीर उल्लंघनका पीडितहरूका लागि उपचार र परिपूरणको अधिकारसम्बन्धी आधारभूत सिद्धान्त र मार्गनिर्देश, सिद्धान्त नं. १० ।

र प्रभावकारी पहुँच र सान्दर्भिक जानकारीमाथि पहुँचको अधिकार पनि पर्दछ भनी व्यवस्था गरेको छ। यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धि को धारा ६ मा उल्लेख भए जस्तै, सिद्धान्त १८ ले पनि अन्तर्राष्ट्रिय मानव अधिकार र अन्तर्राष्ट्रिय मानवीय कानूनको गम्भीर उल्लंघनका पीडितहरूलाई पक्ष राष्ट्रले प्रत्येक मुद्दाको विशेषता र परिस्थिति अनुसार, पीडितको आवश्यकता र उल्लंघनको गाम्भीर्यता अनुरूप परिपूरण र पुनर्स्थापना प्रदान गर्नु पर्दछ भनी व्यवस्था गरेको छ।

परिपूरणको अधिकारलाई उपयुक्त पुनरुद्दार, पुनर्स्थापना, सन्तुष्टि र पुनः नदोहोरिने प्रत्याभूतिको उपायहरूको रूपमा बुझ्न बुझाउन सकिन्छ। प्रत्येक मुद्दाको परिस्थिति र पीडितको आवश्यकता हेरी अदालतले परिपूरणका उपायहरूसम्बन्धी फैसला गर्नु पर्दछ। तथापि, नेपालमा परिपूरणसम्बन्धी कानूनी संयन्त्रको अभाव छ र अदालतले क्षतिपूर्तिमा तोकिएको अधिकतम सीमाका कारण पीडितको विशेष आवश्यकतालाई ध्यानमा राखी क्षतिपूर्ति दिने फैसला गर्न सक्दैन।

पुनरुद्दारले मानव अधिकारको उल्लंघन हुनुभन्दा अघिको अवस्थामा पुनः फर्काउने कुरालाई जनाउँछ। पुनरुद्दार पनि मुद्दा अनुसार फरक हुन्छ। उदाहरणका लागि गैरकानूनी हिरासतमा रहेका व्यक्तिका लागि "स्वतन्त्रताको प्राप्ति", "मानवअधिकार, पहिचान, पारिवारिक जीवन र नागरिकता प्राप्ती", जबरजस्ती विस्थापित भएकाहरूको लागि "आफू बस्ने स्थानमा फर्किनु", उल्लंघनको परिणामको रूपमा गुमाएको "रोजगारको बहाली" र "सम्पत्ति फिर्ता" आदि।[२६]

[२६] अन्तर्राष्ट्रिय मानव अधिकारको आम उल्लंघन र अन्तर्राष्ट्रिय मानवीय कानूनको गम्भीर उल्लंघनका पीडितहरूका लागि उपचार र परिपूरणको अधिकारसम्बन्धी आधारभूत सिद्धान्त र मार्गनिर्देश, सिद्धान्त नं. १९।

विशेष रूपमा क्षतिपूर्तिले आर्थिक पुनर्स्थापनालाई जनाउँछ जसले शारीरिक र मानसिक क्षति, रोजगारी, शिक्षा र सामाजिक लाभ, भौतिक क्षति, आयमा क्षति, आय हुनसक्ने सम्भावनाको क्षति लगायत गुमेका आवसरहरू, नैतिक क्षति, कानूनी वा विशेषज्ञ सहयोगको लागत, औषधि र स्वास्थ्य उपचार र मनोबैज्ञानिक र सामाजिक सेवाहरूलाई समेट्छ। यसले मानव अधिकार उल्लंघनको परिणाम स्वरूप विगत, वर्तमान र भविष्यमा सामना गरेको वा हुनसक्ने कठिनाई आदिलाई समेट्छ ।[२७]

यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धि संयुक्त राष्ट्र संघको पहिलो दस्तावेज हो जसले यातना पीडितहरूलाई क्षतिपूर्तिसँगै पूर्ण पुनःस्र्थापनाको लागि आवश्यक उपायहरू पनि प्रदान गर्नुपर्ने कुरा समावेश गरेको छ।[२८] पछि, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रले यसलाई थुनामा पाएको यातनासँग मात्र सम्बन्धित गर्‍यो । तर मानव अधिकार समितिले पुनर्स्थापनालाई परिपूरणको एक उपाय मान्दै प्रतिज्ञापत्रको धारा २ अन्तर्गतको प्रभावकारी उपचारको अधिकारको रूपमा व्याख्या गर्‍यो ।[२९] सिद्धान्त २१ अनुसार पुनर्स्थापनाले पीडितको मानव अधिकारको उल्लंघनको प्रभावलाई समाप्त पार्न आवश्यक कानूनी र सामाजिक सेवाहरूको साथसाथै चिकित्सा र मनोवैज्ञानिक हेरचाहको

---

[२७] अन्तर्राष्ट्रिय मानव अधिकारको आम उल्लंघन र अन्तर्राष्ट्रिय मानवीय कानूनको गम्भीर उल्लंघनका पीडितहरूका लागि उपचार र परिपूरणको अधिकारसम्बन्धी आधारभूत सिद्धान्त र मार्गनिर्देश, सिद्धान्त नं. २० ।

[२८] रिड्रेस, अन्तर्राष्ट्रिय कानून अन्तर्गत एक सुधारको रूपमा पुनर्स्थापना, डिसेम्बर २००९ । https://www.refworld.org/ docid/4c46c5972.html मा उपलब्ध छ

[२९] मानव अधिकार समिति, साधारण टिप्पणी ३१, प्रतिज्ञापत्रको पक्ष राष्ट्रहरूको कानूनी दायित्वको प्रकृति, २६/०५/२००४, अनुच्छेद १६ ।

प्रावधानलाई जनाउँछ ।[३०] यस्तो स्वास्थ्य उपचारको लागि पीडितको तर्फबाट सूचित सहमति आवश्यक छ र यो मानव अधिकार उल्लंघनका मुद्दाहरूको बारेमा सचेत विज्ञहरूबाट बहु-अनुशासनिक र एक सामूहिक दृष्टिकोणसहित उपलब्ध हुनु आवश्यक छ ।[३१]

सन्तुष्टिका उपायहरूले उल्लंघनको निरन्तरता रोक्ने, तथ्यहरूको प्रमाणीकरण गर्ने र पीडित, पीडितको आफन्त, साक्षी वा सहयोगीको सुरक्षा वा हितलाई हानी नहुने गरी सूचना सार्वजनिक गर्ने, बेपत्ताको खोजी, पीडित र उनीहरूसँग सम्बन्धित व्यक्तिहरूको पुनःस्थापना, सार्वजनिक माफी, दोषीलाई न्यायिक र प्रशासनिक सजाय, पीडितहरूको संस्मरण र स्मृति तथा उल्लंघनसम्बन्धी सत्य जानकारी दिने जस्ता कुराहरू सुनिश्चित गर्दछ ।[३२]

अन्तमा, पुनः नदोहोरिने प्रतिबद्धताअन्तर्गत यातना र दुर्व्यवहार रोकथामका लागि “सैनिक र सद्ररक्षा बलमाथि जनताको नियन्त्रण”, “उचित प्रक्रिया, निष्पक्षता र स्वच्छतासम्बन्धी मापदण्ड”, “न्यायपालिकाको स्वतन्त्रता”, सबै पेशामा मानव अधिकार रक्षकहरूको संरक्षण, “मानव अधिकार र अन्तर्राष्ट्रिय मानवीय कानूनको समाजमा शिक्षा र कानून कार्यान्वयन गर्ने प्रहरी, सैनिक र सुरक्षा बलका लागि प्रशिक्षण”, अन्तर्राष्ट्रिय मापदण्ड अनुसार “आचार संहिता र नैतिक

---

[३०] अन्तर्राष्ट्रिय मानव अधिकारको आम उल्लंघन र अन्तर्राष्ट्रिय मानवीय कानूनको गम्भीर उल्लंघनका पीडितहरूका लागि उपचार र परिपूरणको अधिकारसम्बन्धी आधारभूत सिद्धान्त र मार्गनिर्देश, सिद्धान्त नं. २१ ।

[३१] मानव अधिकारसम्बन्धी अन्तरअमेरिकी अदालत, एल मोजोटेको हत्यासम्बन्धी मुद्दा ( Case of the Massacres of El Mozote ), २०१२ अक्टोबर २५ को फैसला, अनुच्छेद ३५३ ।

[३२] अन्तर्राष्ट्रिय मानव अधिकारको आम उल्लंघन र अन्तर्राष्ट्रिय मानवीय कानूनको गम्भीर उल्लंघनका पीडितहरूका लागि उपचार र परिपूरणको अधिकारसम्बन्धी आधारभूत सिद्धान्त र मार्गनिर्देश, सिद्धान्त नं. २२ ।

मान्यता", "सामाजिक द्वन्द्व रोकथाम र अनुगमनका लागि संयन्त्रहरू", र "अन्तर्राष्ट्रिय मानव अधिकार कानून र अन्तर्राष्ट्रिय मानवीय कानूनको गम्भीर उल्लंघन गर्ने वा गराउन सहयोग गर्ने कानूनहरूको समीक्षा र सुधार" जस्ता विषयहरू पर्दछन् ।[३३]

नेपालले आफू पक्ष भएको अन्तर्राष्ट्रिय कानूनमा व्यवस्था भए अनुसार परिपूरण दिनुपर्ने दायित्व पूरा गरेको छैन । राष्ट्रिय कानूनमा मौद्रिक क्षतिपूर्तिको मात्र व्यवस्था छ जुन पर्याप्त छैन । अन्तर्राष्ट्रिय दायित्वहरू कार्यान्वयन गर्न र पीडितहरूलाई प्रभावकारी उपचार प्रदान गर्न क्षतिपूर्तिका साथै परिपूरणका अन्य उपायहरूको पनि व्यवस्था हुनु आवश्यक छ ।

[३३] अन्तर्राष्ट्रिय मानव अधिकारको आम उल्लंघन र अन्तर्राष्ट्रिय मानवीय कानूनको गम्भीर उल्लंघनका पीडितहरूका लागि उपचार र परिपूरणको अधिकारसम्बन्धी आधारभूत सिद्धान्त र मार्गनिर्देश, सिद्धान्त नं. २३ ।

परिच्छेद ५

# निष्कर्ष र सिफारिस

सन् २०१८ अगस्त (२०७५ भाद्र १ गते) देखि लागू भएको मुलुकी अपराध संहिताले यातनाको अपराधिकरण गरेको, देशमा राजनीतिक अस्थिरतामा कमी आएको तथा मानव अधिकार उल्लंघनका घटनाहरू सामाजिक सञ्जालमा व्यापक प्रचार प्रसार हुने भएकोले सन् २०१८ को तुलनामा सन् २०१९ मा यातनामा केही कमी आएको देखिन्छ। तथापि, यस वर्षको प्रतिवेदनले फौजदारी न्याय प्रणालीमा यातना विद्यमान रहेको देखाउँछ। वयस्कहरूको तुलनामा बालबालिकाहरूमाथि धेरै यातना र दुर्व्यवहार हुने प्रतिवेदनले देखाएको छ। त्यस्तै गरी, महिला थुनुवाहरूको संख्या कम भएतापनि पुरुषहरू भन्दा महिला थुनुवाहरूले बढी यातना भोगिरहेको देखाएको छ।

दण्डहिनताको निरन्तरताले हाम्रो सबै प्रयासहरूलाई व्यर्थ बनाउँछ। नयाँ अपराध संहिता लागू भैसकेको अवस्थामा पीडितहरूले उजुरी दर्ता गर्ने प्रयास गर्दागर्दै पनि यातनासम्बन्धी एउटा पनि मुद्दाको छानविन भएको छैन। यसले यातना सम्बन्धी मुद्दामा जवाफदेहीता र दण्डहिनता विद्यमान रहको स्पष्ट पार्दछ।

प्रक्रियागत सुरक्षाका प्रावधानहरूलाई प्रहरीले पालना नगरेको कुरा गम्भीर चाँसोको विषय हो। यी प्रक्रियागत सुरक्षाका प्रावधानहरूले यातना र दुर्व्यवहार रोक्न मद्दत गर्ने हुँदा ती प्रावधानहरूको कडाइका साथ पालन गर्नं महत्वपूर्ण हुन्छ। हिरासतमा लिएको २४ घण्टाभित्र अदालतमा पेश गरिएको थुनुवाहरूको दरमा गत वर्षको तुलनामा सुधार भएको छ तर धेरैजसो थुनुवाहरूलाई गत वर्षको तुलनामा परिवारको

पहुँचबाट वञ्चित गरिएको छ। यस वर्षको प्रतिवेदन अनुसार स्वास्थ्य परीक्षण गर्ने र मेडिको-लिगल दस्तावेज बनाउने स्वास्थ्यकर्मीहरूलाई स्वास्थ्य परीक्षणको क्रममा प्रहरीको उपस्थितिले डरको वातावरण सिर्जना गर्ने गर्दछ, कोभिड-१९को महामारीका कारण स्वास्थ्य परीक्षणहरू अस्थायी रूपमा निलम्बन गरिएको छ, र हिरासतमा राख्ने अनुमति नभएसम्म धेरै थुनुवाहरूलाई खानाको अधिकारबाट वञ्चित गरिन्छ भन्ने देखाएको छ ।

यातनासम्बन्धी क्षतिपूर्ति ऐन त्रुटिपूर्ण भएपनि धेरै पीडितहरू क्षतिपूर्तिको दाबीका लागि सोही ऐनमा निर्भर भइरहेका छन् । यस ऐनको मुख्य उद्देश्य यातना पीडितहरूलाई क्षतिपूर्ति उपलब्ध गराउने

भएतापनि यो ऐन ज्यादै संकुचित छ। यस ऐनले उजुरी हाल्न ३५ दिने हदम्याद तोकेको छ भने यातना हिरासत वा थुनामा दिइएको हुनु पर्दछ र सार्वजनिक अधिकारीहरूको संलग्नता हुनुपर्दछ भनी व्यवस्था गरेको छ। क्षतिपूर्तिको अधिक्तम रकम तोकेको छ र अप्रत्यक्षरूपमा पीडकमाथिको कारबाहीलाई पीडितले प्राप्त गर्ने क्षतिपूर्तिको रूपमा प्रस्तुत गरेको छ।

धेरै यातना पीडितहरूले यातनासम्बन्धी क्षतिपूर्ति ऐनको प्रयोग गरी क्षतिपूर्ति प्राप्त गरेका छन्। तर अदालतमा मुद्दा दायर गरेका यातना पीडितमध्ये आधाले पनि क्षतिपूर्ति प्राप्त गर्दैनन भने क्षतिपूर्तिको रकम पीडितको आवश्यकता पूरा गर्न पर्याप्त छैन। नेपालमा अदालतको पै ५सला कार्यान्वयनको अभाव छ। न्यायिक फैसलाहरूमा एकरूपता छै न र क्षतिपूर्ति पाउने फैसला भएको वर्षौं बितिसक्दा पनि पीडितहरू मध्ये जम्मा १५.२२ प्रतिशतले मात्र क्षतिपूर्ति प्राप्त गरेका छन्।

नयाँ अपराध संहिताले पीडित वा पीडितका आफन्तहरूले यातना विरुद्ध उजुरी गर्न ६ महिनाको हदम्याद तोकेको छ भने क्षतिपूर्ति

पाउनका लागि अदालतले कसूरदारलाई सजाय दिइसकेपछि तिनीहरूको आर्थिक अवस्था अनुसार क्षतिपूर्ति उपलब्ध गराउने व्यवस्था गरेको छ।

वकालत मञ्चले विभिन्न संघसंस्थाहरूसँग मिलेर क्षतिपूर्तिमा अधिक्तम सीमा हुन नहुने तथा हदम्यादको व्यवस्था खारेज गरी यातनासम्बन्धी कानून निर्माण गरिनु पर्छ भनी वकालत गरिरहेको छ । यसका साथै अन्तर्राष्ट्रिय दायित्वहरू कार्यान्वयन गर्न र यातना पीडितहरूको उपचारको अधिकारको प्रत्याभूत गर्न क्षतिपूर्तिको साथै परिपूरणका अन्य उपायहरू आवश्यक छ। तर यसलाई परिणाममुखी बनाउनका लागि राजनीतिक इच्छाशक्तिको आवश्यकता पर्दछ।

क्षतिपूर्तिका लागि मुद्दा दायर गर्दा कतिपय अवस्थामा मुद्दा फिर्ता गर्न राजनीतिक दबाबहरू पनि पर्ने गरेको छ । मुद्दा दायर गर्न पीडितहरू तयार नभएसम्म र मुद्दा दायर गरिसकेपछि हुनसक्ने जोखिमहरूको सामना गर्न सक्ने अवस्था नभएसम्म मुद्दा दायर गर्न सकिदैन । मुद्दा दायर गरिसकेपछि पनि अदालतको आदेश बमोजिम दोषी उपर कारबाही नहुनुले न्याय प्रणालीप्रतिको विश्वासलाई कमजोर पार्दछ। यातनासम्बन्धी मुद्दाहरूको सुनुवाइका लागि दण्डहिनता रोक्ने र पीडित र साक्षीहरूको सुरक्षाको प्रत्याभूति दिने गरी कानूनमा सुधार गरिनुपर्दछ।

यो प्रतिवेदन प्रहरीद्वारा भएको शक्तिको दुरुपयोग र कार्यविधिगत असफलताको घटनाहरूमा आधारित भएतापनि यस प्रतिवेदनको मुख्य उद्देश्य सुरक्षा बलहरूलाई मात्र जिम्मेवार देखाउन खोजिएको होइन । यातनाको सन्दर्भमा पीडित र समाजको आवश्यकतालाई ध्यानमा राख्दै यातना हुने जटिल वास्तविकताहरूलाई वकालत मञ्च दर्शाउन चाहन्छ। प्रहरीले स्वास्थ्य परीक्षण र स्वास्थ्य उपचारको खर्चको बारेमा चिन्ता लिनु नपर्ने गरी हिरासत वा थुनामा रहँदा भएको उपचार खर्च फिर्ता दिने प्रणाली सहित स्रोतसाधनहरू विकास गर्नैपर्दछ भनी वकालत मञ्च

जोड दिन चाहन्छ। यातनाको निरन्तरता शक्ति दुरुपयोगबाट मात्र नभई राजनीतिक उदासीनता, अदालतका फैसलाहरूको कार्यान्वयनको अभाव र कमजोर न्याय प्रणाली लगायतका विभिन्न कारणहरूले भइरहेको छ भन्ने वकालत मञ्चको निष्कर्ष रहेको छ ।

# अनुसूची

## अनुसूची १ : यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड

| **यातना/ अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड** | **जम्मा** |
|---|---|
| दियो | १८० |
| | १७.९% |
| दिएन | ८०६ |
| | ८०.२% |
| अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड | १९ |
| | १.९% |
| **जम्मा** | **१००५** |
| | **१००%** |

## अनुसूची २ : बालबालिका र वयस्कमाथि भएको यातना/ अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड

| उमेर | जम्मा | यातना/ अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड भएको | नभएको |
|---|---|---|---|
| १०-१८ | २६९ | ६६ | २०३ |
| | २६.८% | २४.५% | ७५.५% |
| १९-७० | ७३६ | १३३ | ६०३ |
| | ७३.२% | १८.१% | ८१.९% |
| **जम्मा** | **१००५** | **१९९** | **८०६** |

## अनुसूची ३ : यातना/ अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डको लैंगिक विश्लेषण

| लिङ्ग | यातना दिएको | इातना नदिएको | दुर्व्यवहार |
|---|---|---|---|
| पुरुष | १६२ | ७३६ | १२ |
| | १७.८% | ८०.९% | १.३% |
| महिला | १८ | ७० | ७ |
| | १८.९% | ७३.७% | ७.४% |
| **जम्मा** | **१८०** | **८०६** | **१९** |

| उमेर | पुरुष | महिला |
|---|---|---|
| १०-१८ | २३६ | ३३ |
| | ८७.७% | १२.३% |
| १९-७० | ६७४ | ६२ |
| | ९१.६% | ८.४% |

# अनुसूची ४ : बालबालिकामाथि भएको यातना/ अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड

| उमेर | यातना दिएको | यातना नदिएको | दुर्व्यवहार |
|---|---|---|---|
| १० | ० | १ | ० |
| | ०.०% | ०.४% | ०.०% |
| ११ | ० | १ | ० |
| | ०.०% | ०.४% | ०.०% |
| १२ | १ | २ | ० |
| | ०.४% | ०.७% | ०.०% |
| १३ | १ | ४ | ० |
| | ०.४% | १.५% | ०.०% |
| १४ | ६ | १० | २ |
| | २.२% | ३.७% | ०.७% |
| १५ | ९ | ३१ | १ |
| | ३.३% | ११.५% | ०.५% |
| १६ | १५ | ४१ | २ |
| | ५.६% | १५.२% | ०.७% |
| १७ | २० | ६८ | ५ |
| | ७.४% | २५.३% | १.९% |
| १८ | ४ | ४५ | ० |
| | १.५% | १६.७% | ०.०% |
| **जम्मा** | **५६** | **२०३** | **१०** |

## अनुसूची ५ : अदालतमा २४ घण्टामा उपस्थित गराइएको

| उमेर | जम्मा | नगराइएको | गराइएको |
|---|---|---|---|
| १०-१८ | २६९ | ५१ | २१८ |
| | १००.०% | १९.०% | १८.०% |
| १९-७० | ७३६ | १२७ | ६०९ |
| | १००.०% | १७.३% | ८२.७% |
| **जम्मा** | **१,००५** | **१७८** | **८२७** |

## अनुसूची ६ : स्वास्थ्य परीक्षण

| स्वास्थ्य परीक्षण | १०-१८ | १९-७० | जम्मा |
|---|---|---|---|
| भएको/हिरासत पछि | २२३ | ६७७ | ९०० |
| | ८२.९% | ९२.०% | ८९.६ % |
| भएको/हिरासत अघि | ४३ | ४३ | ८६ |
| | १६.०% | ५.८% | ८.६% |
| नभएको | ३ | १६ | १९ |
| | १.१% | २.२% | १.९% |
| **जम्मा** | **२६९** | **७३६** | **१,००५** |

## अनुसूची ७ : परिवारसँग सम्पर्क गर्न दिइएको

| उमेर | जम्मा | नदिइएको | दिइएको |
|---|---|---|---|
| १०-१८ | २६९ | २६ | २४३ |
| | २६.८ % | ९.७ % | ९०.३ % |
| १९-७० | ७३६ | ९३ | ६४३ |
| | ७३.२ % | १२.६ % | ८७.४ % |
| **जम्मा** | **१,००५** | **११९** | **८८६** |

## अनुसूची ८ : खानासम्बन्धी

| खाना दिइएको | १०-१८ | १९-७० | जम्मा |
|---|---|---|---|
| दिइएको/हिरासतमा राख्ने अनुमति पछि | १०४ | ४६१ | ५६५ |
| | ३८.७% | ६२.६% | ५६.२% |
| दिइएको/ हिरासतमा राख्ने अनुमति अघि | १५६ | २६० | ४१६ |
| | ५८.०% | ३५.३% | ४१.४% |
| नदिइएको/हिरासतमा राख्ने अनुमति लिन बाँकी | ९ | १५ | २४ |
| | ३.३% | २.०% | २.४% |
| **जम्मा** | **२६९** | **७३६** | **१,००५** |

## अनुसूची ९ : अपराध संहिता अर्न्तगत यातनाको मुद्धा दर्ता

| स्थिति | दर्ता मुद्दा |
|---|---|
| जाहेरी दरखास्त दर्ता गर्न अस्विकार गरिएको | ५ |
| | ६२.५०% |
| विचाराधीन | १ |
| | १२.५०% |
| खारेज गरिएको | १ |
| | १२.५०% |
| पीडितले सम्झौता गरेको | १ |
| | १२.५०% |
| **जम्मा** | **८** |
| | **१००.००%** |

## अनुसूची १० : यातनासम्बन्धी क्षतिपूर्ति ऐनअन्तर्गत दायर भएको मुद्धा – लिङ्ग र उमेर

| लिङ्ग | बालबालिका | वयस्क | जम्मा |
|---|---|---|---|
| पुरुष | २१ | ११६ | १३७ |
| | ८७.५० % | ९०.६३% | ९०.१३% |
| महिला | ३ | १२ | १५ |
| | १२.५०% | ९.३८% | ९.८७% |
| **जम्मा** | **२४** | **१२८** | **१५२** |
| | **१00.00%** | **१00.00%** | **१00.00%** |

## अनुसूची ११ : यातनासम्बन्धी क्षतिपूर्ति ऐनअन्तर्गत दायर भएको मुद्धा –पीडक

| अपराधी | दायर गरिएको मुद्दा |
|---|---|
| नेपाल प्रहरी | १४२ |
| | ९३.४२% |
| नेपाली सेना | ४ |
| | २.६३% |
| बन कार्यालय | १ |
| | ०.६६% |
| कारागार कार्यालय | ५ |
| | ३.२९% |
| **जम्मा** | **१५२** |
| | **१00.00 %** |

## अनुसूची १२ : यातनासम्बन्धी क्षतिपूर्ति ऐनअन्तर्गत दायर भएको मुद्दा – अदालतको फैसला

| अदालतको फैसला | मुद्दा |
|---|---|
| क्षतिपूर्ति पाउने | ४४ |
| | २८.९५ % |
| खारेज गरिएको | ९६ |
| | ६३.१६ % |
| मध्यस्थता | २ |
| | १.३२ % |
| फिर्ता लिएको | १० |
| | ६.५८ % |
| **जम्मा** | **१५२** |
| | **१00.00 %** |

## अनुसूची १३ : क्षतिपूर्ति प्रदान गरिएको – मौद्रिक रकम

| प्रदान गरिएको क्षतिपूर्ति (रु.) | मुद्दा |
|---|---|
| ३००० | ३ |
| | ६.८२ % |
| ५००० | ४ |
| | ९.०९% |
| १०००० | १० |
| | २२.७३ % |
| १५००० | ७ |
| | १५.९१ % |
| २०००० | २ |
| | ४.५५ % |

| प्रदान गरिएको क्षतिपूर्ति (रु.) | मुद्दा |
|---|---|
| २५००० | ६ |
| | १३.६४ % |
| ३०००० | १ |
| | २.२७ % |
| ५०००० | ३ |
| | ६.८२ % |
| ५१००० | १ |
| | २.२७ % |
| ६०००० | १ |
| | २.२७ % |
| ७५००० | २ |
| | ४.५५ % |
| ९५००० | १ |
| | २.२७ % |
| १००००० | ३ |
| | ६.८२% |
| **जम्मा** | **४४** |
| | **१00%** |

## अनुसूची १४. क्षतिपूर्ति र विभागीय कारबाही

| क्षतिपूर्ति र विभागीय कारबाही | मुद्दा |
| --- | --- |
| क्षतिपूर्ति र विभागीय कारबाही | २२ |
| | ५०.००% |
| क्षतिपूर्ति र सचेत गराइएको | २ |
| | ४.५५% |
| विभागीय कारबाही बिना क्षतिपूर्ति मात्र | २० |
| | ४५.५% |
| **जम्मा** | **४४** |
| | **१००.००%** |

## अनुसूची १५ : मुद्धा खारेजी र कारणहरु

| खारेजीको कारण | मुद्दा |
| --- | --- |
| चिकित्सकीय प्रमाण नपुगेको | ७४ |
| | ७७.०८% |
| हदम्याद नाघेको | ५ |
| | ५.२१% |
| प्रहरीको धम्की | १ |
| | १.०४% |
| कारणविना वादीले यातना इन्कार गरेको | १२ |
| | १२.५०% |
| प्रहरीको धम्कीले बादी अनुपस्थित रहेको | ३ |
| | ३.१३% |

| **खारेजीको कारण** | **मुद्दा** |
|---|---|
| बादीको विरोधाभास बकपत्र | १ |
| | १.०४% |
| **जम्मा** | **९६** |
| | **१००.००%** |

## अनुसूची १६ : मुद्धा फिर्ता र कारण

| **फिर्ता लिनुको कारण** | **मुद्दा** |
|---|---|
| धम्की | ६ |
| | ६०.००% |
| मेलमिलाप | २ |
| | २०.००% |
| थाहा नभएको | २ |
| | २०.००% |
| **जम्मा** | **१०** |
| | **१००.००%** |

## अनुसूची १७ : मध्यस्थता र शर्तहरू

| **मध्यस्थताका शर्तहरू** | **मुद्दा** |
|---|---|
| धम्की | १ |
| | ५०.००% |
| स्वतन्त्र मध्यस्थता | १ |
| | ५०.००% |
| **जम्मा** | **२** |
| | **१००.००%** |

# अनुसूची १८ : पुनरावेदन

| उच्च अदालतमा पुनरावेदन गरिएको | मुद्दा |
|---|---|
| जिल्ला अदालतको फैसला सदर | ३१ |
| | ८८.५७% |
| जिल्ला अदालतको फैसला बदर | ४ |
| | ११.४३% |
| **जम्मा** | **३५** |
| | **१00.00%** |

| सर्वोच्च अदालतमा पुनरावेदन गरिएको | मुद्दा |
|---|---|
| पुनरावेदन अदालतको फैसला सदर | २ |
| | ४0.00% |
| क्षेत्राधिकार नभएको | १ |
| | २0.00% |
| कमजोर प्रमाणका कारण दोहोऱ्याउन निस्सा नदिएको | १ |
| | २0.00% |
| पुनरावेदन अदालतको फैसला बदर | १ |
| | २0.00% |
| **जम्मा** | **५** |
| | **१00.00%** |

ADVOCACY FORUM

जुन २६, सन् 2020

यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहारविरुद्धको संरक्षणलाई अन्तर्राष्ट्रिय कानूनले निरपेक्ष अधिकारको रूपमा मान्यता प्रदान गरेको छ। नेपालमा सरकार र माओवादीबीच भएको बृहद शान्ति सम्झौताले एक दशक लामो द्वन्द्वको अन्त्य गरिदियो र संक्रमणकालीन न्याय र विधिको शासनको सुनिश्चितताको लागि वातावरण तयार गऱ्यो । तर यातनालाई अपराधिकरण गर्न १२ वर्षको समय लाग्यो । २०७५ भाद्र १ गतेदेखि लागू भएको मुलुकी अपराध संहिताले यातनालाई अपराधिकरण गरेको भएतापनि वकालत मञ्चले यातनाको निरन्तरताको बारेमा अभिलेखिकरण गरेको छ।

यस प्रतिवेदनले सन् २०१९ मा थुनुवा केन्द्रहरूमा यातनाको प्रवृतिका साथै अन्तर्राष्ट्रिय मापदण्ड अनुसार यातनाविरुद्धको अधिकार कार्यान्वयन भएनभएको पनि विश्लेषण गरेको छ। परिच्छेद १ मा विगत १० वर्षदेखिको निष्कर्षहरूको आधारमा यातनाका प्रवृतिको तुलना गरिएको छ । लैंगिक विश्लेषण र बालबालिकासम्बन्धी निष्कर्ष लगायत यातनाको विधि परिच्छेद २ मा प्रस्तुत गरिएको छ। परिच्छेद ३ मा अदालतसमक्ष प्रस्तुत गरेका थुनुवाहरू, क्षतिपूर्ति र अदालतको फैसला कार्यान्वयनको बारेमा विश्लेषणात्मक तथ्यांक प्रस्तुत गरिएको छ। परिच्छेद ४ मा अन्तर्राष्ट्रिय कानून अनुसार पीडितको परिपूरणको अधिकारका बारेमा प्रस्तुत गरिएको छ। परिच्छेद ५ मा विश्लेषणात्मक तथ्यांक र यातनासम्बन्धी विभिन्न कुराहरूको विश्लेषणका आधारमा निष्कर्ष र सिफारिशहरू समावेश गरिएको छ। कानूनी सुधार, राजनीतिक अस्थिरतामा कमी, सामाजिक संजालको प्रयोग र मानवअधिकार उल्लंघनका घटनाहरू सामाजिक सञ्जालहरूमा व्यापक सार्वजनिकरण लगायतका कारणहरूले सन् २०१९ मा यातनामा केही कमी आएको देखिन्छ तर यातनाको रोकमाथ र कानूनी प्रावधानहरूको पूर्ण कार्यान्वयन हुन बाँकी छ भन्ने प्रतिवेदनको निष्कर्ष रहेको छ।

*प्रकाशन सहयोगी*

DKA Austria
Hilfswerk der Katholischen Jungscha

Embassy
of the Federal Republic of Germany
Kathmandu